# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भिमदत्त नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## भिमदत्त नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भिमदत्त नगरपालिका

### कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन ।लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भिमदत्त नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले भिमदत्त नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १० करोड १९ लाख ८२ हजार बेरुजु देखिएको छ। सोमध्ये बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ करोड ४९ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ५२ लाख २३ हजार, नियमित गर्नुपर्ने रु. १३ लाख २७ हजार र पेश्की रू. ४ लाख ४० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १७ करोड ४२ लाख १८ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २६ करोड ७४ लाख १८ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

भिमदत्त नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ११२ | ३०८ | १०१९८२ | ० | ० | ० | ११२ | ३०८ | १०१९८२ | ५४९९१ | १३२७ | ४५२२३ | ० | ० | ४६५५० | ४४० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भिमदत्त नगरपालिका, कञ्चनपुर | १७४२१८ | ० | ८७८२ | १६५४३६ | ० | १०१९८२ | २६७४१८ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भिमदत्त नगरपालिका, कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Yam Narayan Gaulee | २०७९-४-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हरि बहादुर चन्द | २०७८-८-१३ | |
| लेखा प्रमुख | Govind Raj Upadhyay | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०१,९८२,६५९.४८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १८,८४,७८,५७३.९२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७४,४६,७४,६४५.५ | **चालु खर्च** | ७०,४६,४२,८२१.०२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२७,०७,२६१ | **पूँजीगत खर्च** | ३८,६९,२३,५५३.५८ |
| **राजश्व बाँडफाँट** | २५,१४,२२,७७३.८२ | **वित्तीय/अन्य व्यवस्था** | ५५,६६,९२,०९८.०९ |
| **आन्तरिक आय** | १०,८०,१६,८७७.४९ | | |
| **अन्य आय** | ५४,१४,७०,४५६.१ | | |
| **कुल आय** | १,६७,८२,९२,०१३.९१ | **कुल खर्च** | १,६४,८२,५८,४७२.६९ |
| **बाँकी मौज्दात** | | २१,८५,१२,११५.१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १९ वडा,१७१.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा १०४५९९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०७९।१०।६ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४४३९२८५६६.००, गरिव संग विश्वेश्वर कार्यक्रमको रु.४६४०००.००, क्षेत्रीय सहरी विकास आयोजना रु.४२३७४५१.००, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.२१९९९५४७।० समेत गरी रु.४७०६२९५६४।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **हिसाब फरक —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणबाट क्रममा पालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा भएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६६१११७४।०, यस वर्षको प्राप्ति रु.३८७०४७३१६.४१, यस वर्षको भुक्तानी रु.४७०७१९९६३।९५ र बर्षान्तको मौज्दात रु.९०१८२३५१।२४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १९५०८९७४७.९२ | १२९१२४४६९७.५० | ११७७६३९९७९.०४ | ३०८६९४४६६.३८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१८८४७८५७३.९२</td><td>१६७८२९२०१३.९१</td><td>१६४८३५९९४२.९९</td><td>२१८५१२११५.१४</td></tr>
<tr><td>फरक</td><td>६६११११७४.०</td><td>-३८७०४७३१६.४१</td><td>-४७०७१९९६३.९५</td><td>९०१८२३५१.२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>
बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>श्रेस्ता अनुसार मौज्दात २०७९।३।३२</th><th>बैंक अनुसार मौज्दात २०७९।३।३२</th><th>फरक</th><th></th></tr>
<tr><td>1</td><td>आन्तरिक राजश्व खाता</td><td>-</td><td>१७१६००.०</td><td>१७१६००.</td><td></td></tr>
<tr><td>2</td><td>बाँडफाँडबाट प्राप्त राजश्व खाता</td><td>-</td><td>-</td><td>०.</td><td></td></tr>
<tr><td>3</td><td>आन्तरिक अनुदान खाता</td><td>-</td><td>-</td><td>०.</td><td></td></tr>
<tr><td>4</td><td>चालु खर्च खाता</td><td>-</td><td>१३८६२८३३.७८</td><td>१३८६२८३३.७८</td><td></td></tr>
<tr><td>5</td><td>पुंजीगत खर्च खाता</td><td>-</td><td>६६३०७७७९.९९</td><td>६६३०७७७९.९९</td><td></td></tr>
<tr><td>6</td><td>वित्तीय व्यवस्था खर्च खाता</td><td></td><td>२४२११.८५</td><td>२४२११.८५</td><td></td></tr>
<tr><td>7</td><td>विविध खर्च खाता</td><td>११७०४४२.०</td><td>९३७३२८९.३०</td><td>८२०२८४७.३</td><td></td></tr>
<tr><td>8</td><td>धरौटी खाता</td><td>२९७९०३४९.८२</td><td>३९९१५५९१.८२</td><td>१२५२४२.</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>9</td><td>संचित कोष खाता</td><td>२००२९७१३१.९७</td><td>११६२०३४७६.७७</td><td>-८४०९३६५५.२</td><td></td></tr>
<tr><td>10</td><td>विविध कोष खर्च खाता</td><td>७७९२४६७.२</td><td>२०५०७९०१.२३</td><td>१२७१५४३४.०३</td><td></td></tr>
<tr><td>11</td><td>विभाज्य कोष खाता</td><td>३४३९३५९०.९९</td><td>३४३९३५९०.९९</td><td>०.</td><td></td></tr>
<tr><td>12</td><td>आकस्मिक कोष खाता</td><td>२४०८२०७२.७३</td><td>२४६६९०४०.८७</td><td>५८६९६८.१४</td><td></td></tr>
<tr><td>13</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१०९९५६१.८७</td><td>२८६२६११.८७</td><td>१७६३०५०.</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३०८६२५६१६.८८</td><td>३२८२९१९२८.३३</td><td>५८०३४७८.११</td><td></td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>कर दायित्व — पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१०१४७०.३० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>१०१,४७०</td></tr>
<tr><td>३.५</td><td></td><td></td><td>हिसाव मिलान — पालिकाले हिसाव मिलानको लागि रु.६५७२०१२७.६० आन्तरिक राजस्व खातामा आम्दानी जनाई संचित कोषमा हिसाव मिलान गरेको छ । जस अनुसार पालिकाको श्रेस्ता अनुसारको मौज्दातमा फरक परेको देखिन्छ । हिसाव मिलानको लागि आम्दानी जनाउँदा हिसाव मिलान फरक परेको प्रतिक्रिया दिए तापनि उक्त रकम बास्तविक आम्दानी भए नभएको सम्बन्धमा एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.६</td><td></td><td></td><td>जिम्मेवारी फरक - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१८८४७८५७२।० मौज्दात रहेकोमा यो वर्ष रु.१९५०८९७४७।९२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६६१११७५.९२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.७</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात श्रेस्ता अनुसार सबै संचित कोष</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खातामा ट्रान्सफर गरेको देखिएतापनि बैंकमा सम्बन्धित खातामा मौज्दात रहेको देखिएकोले तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.८</td><td></td><td></td><td>मेयर उद्यमसिलता विकास कार्यक्रमको रु.१ करोड २०७७।७८ मा मौज्दात रहेकोमा यस आर्थिक वर्षमा अल्या नगरी कोषमा नै राखेकोले अल्या गरि कारोबारमा देखाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.९</td><td></td><td></td><td>बाँडफाँड गर्न बाँकी रकम — स्थानीय तहको म.ले.प. फा.नं. २७२ को अनुसूची १४ अनुसार कार्यालयको देहायबमोजिम राजस्व रकम बाँडफाँड गर्न बाँकी रहेको देखिएकोले नियमानुसार राजस्व वाँडफाँड गर्नुपर्दछ ।
<table>
<tr><td>क्र.सं.</td><td>राजस्व शिर्षक नं.</td><td>रकम</td></tr>
<tr><td>१</td><td>३३३४३ विज्ञापन कर</td><td>१०१२९७८.०५</td></tr>
<tr><td>२</td><td>३३३६६ दहत्तर बहत्तर शुल्क</td><td>३११६०२१२.९४</td></tr>
<tr><td>३</td><td>३३३९१ अन्य बाँडफाँड हुने राजश्व संकलन</td><td>२२२०४००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४३९३५९०.९१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुन तथा पालिकाको कारोबारको आकार,जटिलता तथा संरचना,सो बमोजिम कार्यालयलको देहाय बमोजिम अवस्था देखियो ।<br><br>• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन,<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली 2064 को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागि एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा अधिकाँश योजनको म्याद थप गर्न निर्माण व्यवसायीले एक्काईस दिन अगावै निवेदन नदिएको अवस्थामा समेत कार्यालयले योजनाको म्याद थप गर्ने गरेको छ ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br><br>• नगरपालिकाको अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको पाईएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सुशिला चन्द सिंहले मिति २०७८।३।१० गते रु.१ अर्व ५९ करोड ३७ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः | |

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०५२५१ | ७५४२६ | ६.८४ |
| २ | पूर्वाधार विकास | ४०८९४३ | ३१४४२८ | २८.५२ |
| ३ | सामाजिक विकास | ५१३१५२ | ४७९८०३ | ४३.५२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६४१५ | ३८१६ | ०.३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>२७९९९८</td><td>२२८९४३</td><td>२०.७७</td></tr>
<tr><td>६</td><td>वातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३१३७५९</td><td>११०२४१६</td><td>१००%</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४३.५२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.३५ प्रतिशत खर्च गरेको देखिन्छ । वातावरण तथा विकासमा खर्च नै नभएको पाइयो ।
</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>
चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले चौमासिक प्रगित विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>८१३११२</td><td>७०४६४२</td><td>२०४७३६</td><td>१७४५४२</td><td>३२५३६४</td></tr>
<tr><td>२</td><td>पुंजीगत खर्च तर्फ</td><td>४८९६४७</td><td>३८६९२३</td><td>९६०४२</td><td>१००७२३</td><td>१९०१५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३०२७५९</td><td>१०९१५६५</td><td>३००७७८</td><td>२७५२६५</td><td>५१५५२१</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१ अर्व ९ करोड १५ लाख ६५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.३० करोड ७ लाख ७८ हजार अर्थात २७.५५ प्रतिशत, दोस्रो चौमासिकमा रु.२७ करोड ५२ लाख ६५ हजार अर्थात २५.२१ प्रतिशत र तेस्रो चौमासिकमा रु. ५१ करोड ५५ लाख २१ हजार अर्थात ४७.२२ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.२५ करोड ४४ लाख २६ हजार अर्थात २३.३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५.५ | | | **रकमान्तर -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शीर्षकमा कुल रू.११ करोड २० लाख ३६ हजार अर्थात कुल बजेट रु.१ अर्व ५९ करोड ३७ लाख ७६ हजारको ७.०३ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५.६ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१० करोड ८० लाख १६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.१ अर्व २ करोड ८८ लाख ४ हजार समेत रु.१ अर्व १३ करोड ६८ लाख २० हजार आम्दानी भएकोमा चालु तर्फ रु. ७०करोड ४६ लाख ४३ हजार र पूँजिगत तर्फ रु.३८ करोड ६९ लाख २३ हजार र बित्तिय ब्यबस्था तर्फ रु. १ करोड ८ लाख ५० हजार समेत रु.१अर्व १० करोड २४ लाख १६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१ करोण ४५ लाख ७९ हजार खर्च भएको छ जुन आन्तरिक आयको १३.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.९१ प्रतशित चालु, ३५.१० प्रतिशत पूँजिगत र ०.९९ प्रतशित वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६ | | | **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १३१ जना पदपूर्ती भएको देखिन्छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ।पालिकामा प्रमुख प्रशासकिय अधिकृत जस्तो महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा १५९ जना कर्मचारीहरु करारमा राखि रु.६,७६,७२,६०७.०० खर्च लेखेको छ । पालिकले व्यवस्थापन सर्भेक्षणद्वारा कार्यबोझको विश्लेषण गरी सृजना गरेको पदमा मात्र कर्मचारी करारमा राखी खर्च गर्न सक्नेछ । | |
| ८ | | | **कर्मचारी कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । कर्मचारी कल्याणकोषमा गत वर्षको मौज्दात रु. १५,५६५ नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट रु.७०,००,००० एकमुष्ट ट्रान्सफर गरी सोबाट फायरमेन गणेश चन्दलाई रु. ३२,८७,७२१ उपदान भुक्तानी गरेपश्चात रु. ३७,२७,८४४ मौज्दाद रहेको छ । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ । | |
| ९ | | | **आर्थिक सहायताः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ४ संघसंस्था र २४ व्यक्तिहरुलाई रु.४,०००/- देखि रु.५,००,०००/- सम्म कुल रु. १०,२५,०००.०० आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १०,८०,१६,८७७.४९ को ०.९५ प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **महोत्सव तथा अन्य खर्चः**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर नगरपालिकाले यस वर्ष शुक्लाफाँटा पर्यटन महोत्सव वापत रु. १०,००,०००.०० खर्च गरेको छ ।यस्तो खर्चमा पालिकाले स्पष्ट कार्यविधि बनाई नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **खाना तथा विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाको आन्तरिक आय रु. १०,८०,१६,८७७.४९ रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.२१,२२,०००.०० र सभा संचालन खर्च रु.४,९९,०५३.०० समेत यस वर्ष रु.२६,२१,०५३.०० खर्च गरेको पाईयो ।यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **जिन्सी तथा सम्पत्तिको संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयलाई प्राप्त मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाधी लगत अद्यावधिक गर्नुपर्ने व्यबस्था छ । निरीक्षण प्रतिवेदन : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाव २०७७ लीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका ४८ किसिमका २०० भन्दा बढी समान, १३ किसिमका ९० सामाग्रीहरु जस्तै दमकल, डेस्कटप, मोबाईल भ्यान आदि लगायतका समान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन । | |
| १३ | | | **बैठक भत्ता**<br><br>२०८९/२०७९/०३/२५ सार्वजानिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धि मापदण्ड, २०७७ को नियम ६ बमोजिम कानुन बमोजिम गठित समितिलाई मात्र भत्ता दिने व्यवस्था छ । एउटै निकाय वा कार्यालयका कर्मचारी वा पदाधिकारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध गराईने छैन । तर पालिकाले निम्न बमोजिमका कर्मचारीलाई खरिद इकाई बैठक बसि भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी वा पदाधिकारीलाई भुक्तानी भएको रकम अनियमित देखिएको रु. | १५४,२७५ |
| १४ | | | **तोकिए भन्दा बढी बैठक भत्ता**<br><br>पाललिकाको आर्थिक कार्यविधिको परिच्छेद २ को बैठक भत्ता सम्वन्धि व्यवस्था अनुसार पदाधिकारी तथा कर्मचारीको अध्यक्षतामा हुने बैठकमा प्रति बैठक रु. १२ सय दिने व्यवस्था भएता पनि कार्यालयले १५ सयका दरले भत्ता उपलब्ध गराएको छ । बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ३५,१०० |
| १५ | | | **बेमौसमी वर्षाको क्षतिपूर्ति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बेमौसमी वर्षाको क्षतिपूर्ति- २०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवालीको क्षतिको राहत स्वरुप पालिकालाइ प्राप्त भएको रु.२०३६८४२६।१ मध्ये रु. १६०७९९००।५ वितरण गरी बाँकी रहेको रु.४२८८५२५।६० मिति २०७९/१२/०९ गते सम्बन्धित निकायलाई फिर्ता गरेको छ । | |
| १६ | | | **क्षतिपूर्ति भुक्तानी**<br><br>१७४७/२०७९/०२/२३ कुनै सवारी साधन प्रयोग गर्दा अनिवार्य रुपमा विमा गरेर मात्र प्रयोग गर्नुपर्दछ र दुर्घटना घटेमा वीमा वापतको रकमबाट क्षतिपूर्ती भुक्तानी गर्नुपर्दछ । पालिकाले चालु खर्च शिर्षकबाट प्रेमसिंह धामीलाई पालिकाको फोहोर संकलन गर्ने रिक्साले ठक्कर दिएको उल्लेख गरी उपचार खर्च वापत रु. ७०००० भुक्तानी गरेको छ । पालिकाको सवारी साधन अनिवार्य रुपमा तेस्रो पक्ष वीमा गर्नुपर्ने र वीमा रकमबाट क्षति वापतको रकम भुक्तानी गर्नुपर्नेमा पालिकाले सोझै क्षतिपूर्ती रकम भुक्तानी गर्नु परेका कारण बढी व्ययभार हुन गएको देखियो । | |
| १७ | | | **खरिद व्यवस्थापन** | |
| १७.१ | | | **अधुरा योजनाको भुक्तानीः** पालिकाले सम्बन्धित कार्यक्रम तोकी सभाबाट बजेट विनियोजन खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा अधुरा योजनाको भुक्तानी कार्यक्रममा रु.३२१६०१७५।० (रकमान्तर समेत) एकमुष्ट रुपमा बजेट विनियोजन गरी गत विगतको योजना मध्ये जुन योजनाको विल विजक प्राप्त हुन्छ सोही अनुसार रकम भुक्तानी गर्ने गरेको छ । यसरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी खर्च गर्ने परिपाटिमा नियन्त्रण गरी कार्यक्रम अनुसार बजेट विनियोजन गर्नुपर्दछ । | |
| १७.२ | | | **बार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३८६९२३५५३।५८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **पेश्की व्यवस्थापन** | |
| १८.१ | | | **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्योँट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्योँट नगरेकोले नियमानुसार पेश्की फस्योँट गर्नुपर्दछ । | ४४०,००० |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | कर्मचारी | | | |
| १ | विविध खर्च | सहायक चौथो श्री उर्मिला भटट | ०० | १,४५,०००.०० |
| २ | विद्यालय तथ्याङक (IEMIS) र CAS कार्यान्वयन | सहायक चौथो श्री कलावती कुमारी मिश्र भट्ट | ० | १,९५,०००.०० |
| ३ | स्वास्थ्य सामाग्री (मास्क, सेनिटाइजर, ग्लोब्स) खरिद, शिलालेख निर्माण, वडा कार्यालय तथा स्वास्थ्य सेवा केन्द्र भवन उद्घाटन खर्च | सहायक चौथो श्री उर्मिला भट्ट | ० | १,००,०००.०० |
| २ | ठेकेदार | | | |
| १ | वडा कार्यालय भवन निर्माण | श्री एम.के.।निरज जे.भी. | ० | ० |
| २ | वडा कार्यालयको भवन निर्माण | श्री मित्र / महरा जे. भी. | १५,००,०००.०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | |
| --- | --- | --- | --- | --- |
| ३ | अधुरो योजनाहरुको भुक्तानी | श्री एम.के.।निरज जे.भी. | ३५,००,०००.०० | ० |
| ४ | वडा कार्यालय भवन निर्माण | मालिका । एम डी ग्रुप जेभी | १४,००,०००.०० | ० |
| ५ | मुख्य प्रशासनिक भवन निर्माण | अनक । जोशी जे.भी. | १,००,००,०००.०० | ० |
| ६ | इको पार्कका लागि म्याचिङ्ग | गौरी पार्वती – अनक – जोशी जे.भि. | १७,४८,२००.०० | ० |
| ७ | भ्युटावर निर्माण वडा नं. १२ | महारुद्र निर्माण सेवा | ६,००,०००.०० | ० |
| ८ | वडा कार्यालयको भवन निर्माण | श्री मित्र / महरा जे. भी. | ५,००,०००.०० | ० |
| ९ | मुख्य प्रशासनिक भवन निर्माण | अनक । जोशी जे.भी. | ७५,००,०००.०० | ० |
| १० | फलफुल वजार निर्माण आयोजना भिमदत्त नगरपालिका, वडा नं. ४ | श्री एम.के.।निरज जे.भी. | १०,००,०००.०० | ० |
| ११ | कृषि उपज संकलन तथा चिस्यान केन्द्र भवन निर्माण भिमदत्त नगरपालिका | श्री एम.के.।निरज जे.भी. | २५,००,०००.०० | ० |
| १२ | सामाजिक विकास मन्त्रालय संगको साझेदारीमा गड्डाचौकी होल्डिंग सेन्टर निर्माण | भौनेली निर्माण सेवा | १,३८,२८२.०० | ० |
| १३ | प्रदेश समपूरक म्याचिङ्ग (सडक कालोपत्रे) | पन्चकोटी निर्माण सेवा | १,५०,०००.०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रदेश समपूरक म्याचिङ्ग (सडक कालोपत्रे) | पन्चकोटी निर्माण सेवा | १,५०,०००.०० | ० |
| १५ | युवा बर्ष मा.वि. तिलकेनी जाने सडक कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | १,००,०००.०० | ० |
| १६ | वडा कार्यालय सडक कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | ९६,०००.०० | ० |
| १७ | युवा बर्ष मा.वि. तिलकेनी जाने सडक कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | १,००,०००.०० | ० |
| १८ | वडा कार्यालय सडक कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | ९६,०००.०० | ० |
| १९ | जनज्योति मार्गमा कालोपत्रे निरन्तरता (सावित्री जोशीको घरसम्म) | राधा भानु निर्माण सेवा प्रा.ली. | १,२५,०००.०० | ० |
| २० | बैजनाथ टोल उपशाखा नहर कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | ८४,०००.०० | ० |
| २१ | सरस्वती टोल आरसिसि | राधा भानु निर्माण सेवा प्रा.ली. | १,३३,०००.०० | ० |
| २२ | सरस्वती टोल आरसिसि | राधा भानु निर्माण सेवा प्रा.ली. | १,३३,०००.०० | ० |
| २३ | बैजनाथ टोल उपशाखा नहर कालोपत्रे | राधा भानु निर्माण सेवा प्रा.ली. | ८४,०००.०० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४</td><td>जनज्योति मार्गमा कालोपत्रे निरन्तरता (सावित्री जोशीको घरसम्म)</td><td>राधा भानु निर्माण सेवा प्रा.ली.</td><td>१,२५,०००.००</td><td>०</td></tr>
<tr><td>२५</td><td>श्री पुर्णागिरी शहरी खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई सापटी वडा नं. ७</td><td>पुर्णागिरी शहरी खानेपानी उपभोक्ता तथा सरसफाई समिति</td><td>४०,००,०००.००</td><td>०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३५७६२४८२.०</td><td>४४००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>कार्यक्रम पेश्की- सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>उपभोक्ता समितिलाई पेश्की - उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्र्यौट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिई काम गराएको पनि देखिन्छ । आ.व. को अन्त्यतिर पेश्की दिई काम गराउँदा गुणस्तरयुक्त काम नहुन सक्ने र अनुगमन मुल्याङ्कनमा पनि कठिनाई हुन सक्ने हुँदा यस्तो प्रकृयाबाट काम गराउने प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.४</td><td>२६४</td><td>२०७८-</td><td>उपभोक्ता समितिलाई पेश्की - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्पष्ट आधार तथा प्रमाण</td><td>४,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | ११-१८ | वेगर कुनै कार्यविधि तयार नगरी पूर्णागिरी शहरी खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई रु.४० लाख रकम पेश्कीको रुपमा सापटी दिएको छ । कार्यपालिकाको निर्णयानुसार सोझै पेश्की जनाई उपभोक्ता समितिलाई रकम भुक्तानी भएकोमा भुक्तानी रकम केकति र कुन प्रयोजनको लागि हो र के कार्यबापत खर्च गर्ने भन्ने सम्बन्धमा कुनै प्रमाण संलग्न छैन । यसरी सोझै भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गरी भुक्तानी रकम यथासिघ्र फिर्ता गर्नुपर्ने रु. | |
| १९ | | | **बेरुजु लगत**<br><br>कायालयले बेरुजु लगत तथा विववरणको अद्यावधिक गर्न म. ले. प. फाराम ८०१ देख ८०५ समका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसंग संबन्धित फारामको अभिलेख राखेको छैन। म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ — संम्परीक्षण गोश्वारा अभिलेख कार्यालयले बेरुजुको लगत अद्यावधिक नगरेकोले बेरुजु फछ्यौंट सम्बन्धित प्रकृया अघि बढेर कार्यान्वयन भएको छैन। अत कार्यालयले म.ले.प फारामको प्रयोग गरी बेरुजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| २० | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २१ | | | **सूचना प्रविधिः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोबारसंग सम्बन्धित लेखापालन,अभिलेख,प्रतिवेदन लगायतका सूचना प्रविधिसंग सम्बन्धित प्रणाली व्यवस्था(application control),प्रवेश नियन्त्रण(access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br><br>• कार्यालय स्वयंको नियन्त्रण रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा,अख्तियारी,भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो पाईएन,<br><br>• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फारम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाईएन,<br><br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको पाईएन र त्यसको अभिलेख म.ले.प फारम ९०३ मा राखेको पाईएन,<br><br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको पाईएन । | |
| २२ | | | **न्याय सम्पादनको अवस्थाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा गत आ.व.को विवाद संख्या ७, आ.व.२०७८/७९ मा दर्ता भएको १० उजुरीमा ३ फर्छ्यौट भई ७ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कानून निर्माणको अवस्थाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा ३६ वटा कानुन निर्माण गरेको र चालु आ.व.मा २१ वटा ऐन, ३ वटा कार्यविधि र १ वटा नियमावली बनाएको देखिन्छ। नगरपालिकाले नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायत अन्य विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । | |
| २४ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ । सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २५ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २६ | | | **निजी विद्यालय व्यवस्थापनः**<br><br>यस पालिकामा ७० वटा निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **कोभिड १९ बाट प्रभावितलाई राहात वितरण**<br><br>कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाइ राहात वितरण कार्यविधि २०७८ अनुसार कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाइ सरकारले प्रतिपरिवार रु.१०,००० नगद वितरण गर्न पालिकालाई प्राप्त भएको रु. ९३८०००० मध्ये ७४४ जनालाई रु. ७४४०००० वितरण गरेको छ । कार्यविधि अनुसार वास्तविक पिडित पहिचान गरी समानुपातिक हुने किसिमले वितरण गर्नुपर्नेमा त्यस्तो भएको देखिएन सो कार्यमा सुधार हुनुपर्दछ । | |
| २८ | | | **नेपाल विद्युत प्राविधिकरणलाई भुक्तानी**<br><br>पालिकले यस आर्थिक वर्षमा विद्युत लाईन विस्तार, पोल खरिद, सडक स्तरोन्नती आदि कार्यक्रमबाट नेपाल विद्युत प्राधिकरणलाई देहायबमोजिम रु.१७७५९७६.० भुक्तानी गरेको छ । | |

| भौ.नं. | योजना | भुक्तानी रकम | कन्टिन्जेन्सी (५%) | सर्भिस चार्ज (१०%) |
|---|---|---|---|---|
कबोल रकम र सम्झौता रकम वीच फरक पर्नुको कारण सम्वन्धमा सम्झौता एवं ठेक्का आह्वानको सूचनामा उल्लेख भएको पाइएन । यस सम्वन्धमा पालिकासंग प्रतिक्रिया माग गर्दा कवोल अंक र सम्झौता रकममा फरक पर्नुमा ढिलो गरी ठेक्का लाग्न गएको कारण व्यतित भएको समयलाई समानुपातिक रुपमा घटाईएको कारण कवोल अंक र सम्झौता रकम फरक पर्न गएको जवाफ प्राप्त प्राप्त भएको छ ।
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बैक जमानत
पालिलकाले आय ठेक्काको सम्झौता वमोजिम दाखिला हुनु पर्ने आम्दानी मध्ये दाखिला गर्न वांकी रकम वरावरको बैक जमानत लिई दाखिला गर्नु पर्ने अवधि व्यतित भए पश्चात बैक जमानत वाट असुल गर्नु पर्नेमा निम्न आय ठेक्काका लागि बैक जमानत लिए नलिएको बैक जमानतको प्रमाण फाईल साथ </td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संलग्न नभएको कारण एकिन गर्न सकिएन । पालिकाले उठन वांकी राजस्व वरावरको बैक जमानत लिई राजस्व समयमा दाखिला नभएमा सोही बैक जमानतबाट दावी गरी राजस्व उठाउने अवस्था सुनिश्चित गर्नु पर्दछ ।
<table>
<tr><th>सि नं</th><th>ठेक्काको विवरण</th><th>नाम</th><th>बैंक जमानत लिनुपर्ने आय</th></tr>
<tr><td>१</td><td>खन्या खोलाको नदीजन्य पदार्थमा शुल्क उठाउने</td><td>अम्रृत कन्सट्रक्सन वेदकोट</td><td>३३६०३००।</td></tr>
<tr><td>२</td><td>कामीकाटे खोलाको नदीजन्य पदार्थमा शुल्क उठाउने</td><td>सुमन कन्सट्रक्सन भीमदत्त ५</td><td>४०२०३००।</td></tr>
<tr><td>३</td><td>महाकाली नदीको माछा</td><td>श्री पार्वति फलफुल तथा तरकारी पसल भिमदत्त ४</td><td>१२२५२२।३६</td></tr>
<tr><td>४</td><td>भारतवाट पैठारी भै आउने तरकारी</td><td>श्री भवानी निर्मा<br>ण सेवा भीमदत्त १८</td><td>२५६७८५।४१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७७५९९०७।७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बहाल आय<br><br>नगरपालिकाको स्वामित्वमा रहेका पसल कवलको भाडा सम्झौतामा उल्लेख भए अनुसार असुल गरी पालिकाको राजस्व खातामा जम्मा गर्नु पर्दछ । पालिकाको स्वामित्वमा रहेका यस भिमदत्त नगरपालिका वडा नं ४ मा रहेका निम्न पसलहरुको नियमानुसार असुल हुनु पर्ने भडा सम्झौतामा उल्लेख भए अनुसार असुल नभई बक्यौता रहेको पाईयो । बक्यौता रहेको उक्त पसल भाडा सम्झौतामा उल्लेख भए अनुसार जरिवान समेत असुल गरी राजस्व खातामा दाखिला हुनु पर्ने रु</td><td>५८२,६९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि नं | नाम थर | कोठा नं | स्थान | मासिक भाडा | बक्यौता रकम रु |
|---|---|---|---|---|---|
| १ | गोविन्द सिंह धामी | २ | बसपार्क | ६०५०। | ७९८६० |
| २ | भवानी खरेल | १ | बसपार्क | ७७४४। | १०२२२० |
| ३ | जनक वहादुर भण्डारी | ६ | प्यारापिट | ६०५०। | ७९८६० |
| ४ | लाल वहादुर भण्डारी | ७ | प्यारापिट | ६०५०। | ७९८६० |
| ५ | भोजराज सार्की | ५ | पसल घर | ४८४०। | ६३८८८ |
| ६ | कु पार्वति सुनार | ६ | पसल घर | ४८४०। | ६३८८८ |
| ७ | गणेश लाल चौधरी | ५ | सब्जीमण्डी | ३६३०। | ३५९३७ |
| ८ | मुन्सी मुल्ला | ६ | सब्जीमण्डी | ३६३०। | ३१९४४ |
| ९ | बाबु खा | ७ | सब्जीमण्डी | ३६३०। | ३१९४४ |
| १० | देव वहादुर खड्का | ३ | बसपार्क भित्र | १९९९५। | १३२९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५८२६९४।२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
निरक्षण नभएको
आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अवस्था देखिएन । साथै राजस्व आम्दानी गर्दा मलेप फारामहरुको प्रयोग समेत गरेको पाइएन । यस्तो अवस्थामा पालिकाले असुल गरेको राजस्व रु.१,६४,२५,९४२ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
भीमदत्त विकास समिति तर्फ
<table>
<tr><th colspan="9">भीमदत्त नगर विकास समिति</th></tr>
<tr><th colspan="9">आ.व. २०७८।७९कोसमग्र संचित कोषको संक्षिप्त अवस्था</th></tr>
<tr><th colspan="4">आय तर्फ</th><th colspan="5">व्यय तर्फ</th></tr>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th><th>जम्मा रकम</th><th>क्र.सं.</th><th>विवरण</th><th>चालु खर्च</th><th>पुँजीगत खर्च</th><th>जम्मा रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>३३३७०३७२।५८</td><td>१</td><td>आन्तरिक स्रोत</td><td>५१५२७२६।८५</td><td>१२०७२३४०</td><td>१७२२५०६६।८५</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | बैंक मौज्दात | ३३३२२०७५।५८ | | २ | धरौटी फिर्ता | | १३६५१ | १३६५१ |
| | २ | धरौटी मौज्दात | ४८२९७ | | ३ | बैंक मौज्दात | | २४०८२०७२।७३ | २४०८२०७२।७३ |
| २ | राजश्व (आन्तरिक आय) | | | ७९८५०६४ | ४ | धरौटी मौज्दात | | ४२४६३८ | ४२४६३८ |
| | १ | आन्तरिकस्रोत | ७९८५०६४ | | | | | | |
| ३ | धरौटी तर्फ | | | ३८९९९२ | | | | | |
| | १ | धरौटी आम्दानी | ३८९९९२ | | | | | | |
| **जम्मा** | | | **४१७४५४२८।५८** | **४१७४५४२८।५८** | **जम्मा** | | **५१५२७२६।८५** | **३६५९२७०१।७३** | **४१७४५४२८।५८** |

यस सँग सम्बन्धित ब्यहोरा निम्नानुसार छन्;-

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.१ | | | सिटीहल निर्माण<br>भीमदत्त नगरपालिका वडा नं ४ मा रहेको सिटीहद्य निर्माणका लागि तत्कालिन महेन्द्रनगर विकास समितिले रु ६८१००७९६।८२ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमवाट श्याम सुन्दर गौरी पार्वती जे भी संग मिति २०६५।३।८ मा रु ६८१००७९६।८२ मा खरिद सम्झौता गरेको पाईयो । सम्झौता वमोजिम निर्माण व्यवसायीले २०६७ पौष मसान्त सम्म कार्य सम्पन्न गर्नु पर्नेमा पटक पटक म्याद थप, दुई पटक भेरिएसन र मूल्यवृद्धि समेत भुक्तानी दिईएकोमा मिति २०७५।२।२८ मा कार्यसम्पन्न भएको भनी मिति २०७८।६।१८ मा रु १३६४६५४। अन्तिम भुक्तानी दिएको फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छनः<br>कः मिति २०६८।३।८ मा मु अ कर वाहेक रु ६८१००७९६।८२ मा खरिद सम्झौता भएकोमा निर्माण स्थल परिवर्तन भई लागत अनुमान वढ्न गएको भनी रु १७०९२३०५।२० थप लागत वढाई रु ८५१९३१०२।०२ को संशोधित खरिद सम्झौता भएको पाईयो । निर्माण व्यवसायीले मिति २०७५।२।२८ मा निर्माण कार्य सम्पन्न भएको भनी अन्तिम बिल भुक्तानी माग गरेकोमा प्राविधिकबाट नाप जांच गर्दा रु ७१६१८७३७।०१ को | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्तिम बिल तयार हुन गएकोबाट संशोधित सम्झौता भन्दा रु १३५७४३६५।०१ घटीको काम सम्पन्न भएको देखिन्छ । काम सम्पन्न भए पश्चात उक्त भेरिएशन भएको कामको लागि सहरी विकास मन्त्रालयमा निर्णयका लागि पठाएकोमा विभिन्न चरणमा टिप्पणी पेश हुदै गएता पनि निर्माण कार्यको म्याद समाप्त भईसकेको, निर्माण कार्य सम्पन्न भई कार्य स्वीकार गर्न योग्य हो होईन उल्लेख भएको नदेखिएको, सम्झौताको सम्पूर्ण कागजात संलग्न नदेखिएको एवं भेरिएशन आदेशको फर्म सच्याई पेश नभएको कारण निर्णय नभई रोकिएको फाईल नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१२।१२ को बैठकबाट भीमदत्त नगर विकास समिति गठन गर्ने निर्णय गरी सो समितिमा फिर्ता पठाएको पाईयो । यसरी फिर्ता भई आएको ठेक्का सम्वन्धी फाईलमा नव गठित भीमदत्त नगर विकास समितिको मिति २०७७।१२।१८ को पहिलो बैठकले निर्माण कार्यको म्याद समाप्त भई सकेपछि निर्माण कार्य सम्पन्न भई कार्य स्वीकार गर्न योग्य हो होईन भन्ने उल्लेख नगरी भेरिएशन स्वीकृत गरी निर्माण व्यवसायीबाट माग भएको रकम रु १३६४६५४। भुक्तानी दिएको पाईयो ।<br>खः निर्माण सम्पन्न भएको भनिएता पनि उक्त सिटिहलको स्वामित्व र संचालनको मोडालिटीका विषयमा निर्णय भएको पाईएन । निर्णय नभएका कारण भवन प्रयोग नभई अलपत्र अवस्थामा देखियो । स्थलगत भ्रमण गर्दा भवन भित्रको अवस्था अवलोकन गर्न नमिलेको तर वाहिरी भाग हेर्दा सरसफाई र नियमित संभार नभएको कारण लेउ लागेको एवं वरिपरी घांस र रुखहरुले ढाक्ने अवस्थामा देखियो । लामो समय सम्म प्रयोग विहिन अवस्था रहेमा एकातिर भवनको नियमित संभार नभई विग्रन सक्ने अवस्था रहन्छ भने अर्कोतिर श्रोत र साधन खेर गई रहेको अवस्था देखिन्छ । सिटीहल संचालन गर्ने गरी निर्णय गर्न समितिले ध्यान दिनु पर्दछ । | |
| ६०.२ | | | **सिटिहल परिसरमा माटो भरान कार्य**<br><br>भीमदत्त नगरपालिका वडा नं ४ मा रहेको सिटीहल हाता भित्र माटो भरान कार्यका लागि रु ५००००००। को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमवाट श्री सुमन कन्सट्रक्सन भी न पा ५ छनौट गरी मिति २०७८।१०।१३ मा रु २६८२४८५।०६ मा सम्झौता गरेर कार्यादेश दिएको पाईयो । सम्झौता अनुसार निर्माण व्यवसायीले उक्त कार्य २०७९ जेष्ठ मसान्त सम्ममा सम्पन्न गरी सक्नु पर्नेमा रु ९२७९७०। मात्रको काम गरी अधुरो कामको मिति २०७९।२।११ मा भुक्तानी दिएको पाईयो । सिटिहलको स्वामित्व एवं संचालनको मोडालिटीको विषय निर्क्योल नगरी हल हाता भित्र माटो भरान गर्ने कार्य गरेबाट उपलव्ध श्रोत र साधनको उच्चतम प्रयोग भन्दा पनि खर्च गर्ने पट्टी ध्यान दिएको देखिन्छ । साथै माटो भरान गरेको स्थानमा माटो फिंजाएर सम्याएको हुनु पर्नेमा थुप्रोमा नै रहेको देखियो।यसरी सिटीहल संचालन गर्ने तर्फ ध्यान नदिई खर्च गर्ने तर्फ ध्यान दिएको उचित देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.३ | | | **पसल भाडा**<br>नगरपालिका अन्तर्गत रहेको भीमदत्त नगर विकास समितिको स्वामित्वमा रहेका पसल कवलको भाडा सम्झौतामा उल्लेख भए अनुसार असुल गरी समितिको राजस्व खातामा जम्मा गर्नु पर्दछ । समितिको स्वामित्वमा रहेका यस भिमदत्त नगरपालिका वडा नं ४ मा रहेका निम्न पसलहरुको नियमानुसार असुल हुनु पर्ने भाडा सम्झौतामा उल्लेख भए अनुसार असुल नभई बक्यौता रहेको पाईयो । बक्यौता रहेको उक्त पसल भाडा सम्झौतामा उल्लेख भए अनुसार जरिवाना समेत असुल गरी राजस्व खातामा दाखिला हुनु पर्ने रु | ८,२१७,०४१ |

| क्र.सं. | बहाल वाला को नाम | बार्षिकबहाल रकम | गतबर्सको बाकी | २०७८ को ब्याज | जम्मा | आ व २०८९।७९मा असुली | असुल गर्न बांकी भाडा |
|---|---|---|---|---|---|---|---|
| १ | मनोहर ठाकुर | ८९२०० | १११९४६ | २८१४५ | २२९२९१ | १३२३४१ | ९६९५० |
| २ | प्रभाकर भट्ट | ८९२०० | ८८३२० | २५७५२ | २०३२७२ | १०६३५२ | ९६९२० |
| ३ | दिनेशराज भट्ट | ८९२०० | २८०१४८ | ४४९६५ | ४१४३१३ | ३१४९६३ | ९९३५० |
| ४ | राहुलशर्मा | ८९२०० | २७६०० | ४७६० | १२१५६० | ८४०४० | ३७५२० |
| ५ | हेमन्तउप्रेती | ९०५८० | ० | ० | ९०५८० | ७९५८० | ११००० |
| ६ | हेमाराजपन्त | ९०५८० | ० | ० | ९०५८० | ७०५८० | २०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विनोदकुमार अग्रवाल | ९०५८० | ० | १५०० | ९२०८० | ८२५२२ | ९५५८ |
| ८ | विक्रमवहादुर विष्ट | ७३६० | ७०६५६ | ७०६६ | ८५०८२ | ३८००० | ४७०८२ |
| ९ | पतञ्जलीयोग समिति | १८८०० | ० | १४०० | २०२०० | २८०० | १७४०० |
| १० | पतञ्जलीयोग समिति | ४३६८० | ० | ३००० | ४६६८० | ३६८० | ४३००० |
| ११ | सामुदायिक सेवाकेन्द्र | ४२००० | १३४९११ | ३१५३२ | २०८४४३ | ० | २०८४४३ |
| १२ | मथुरा स्न्टर | ४३६८० | ४४८९३ | ७७४० | ९६३१३ | ५१९५९ | ४४३५४ |
| १३ | श्याम दमाई | ४३६८० | ९९९६ | २०२५ | ५५७०१ | ३८५७२ | १७१२९ |
| १४ | गणेश सिलाल दमाई | ४३६८० | १६८६६ | २९४० | ६३४८६ | ४०००० | २३४८६ |
| १५ | सत्यनारायण गोयल | ४३६८० | ० | ५७५० | ४९४३० | ३६८० | ४५७५० |
| १६ | नेपाल पत्रकारमहासंध | ४१८४० | २२७८६० | २२७८६ | २९२४८६ | ४०००० | २५२४८६ |
| १७ | कालीदास मोहपाल | ४३६८० | ० | ५७५० | ४९४३० | ३६८० | ४५७५० |
| १८ | डवल सिंह दमाई | ३६८० | १९८६४४ | १९८६५ | २२२१८९ | ० | २२२१८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | देवराज साउद | २२०५०० | ८८७१९९ | २०३३६२ | १३१११०६१ | ० | १३१११०६१ |
| २० | कृष्ण प्रसाद पाठक | ५४००० | ० | २७०० | ५६७०० | २६७७५ | २९९२५ |
| २१ | दिपक राज पाठक | ४२००० | ४२००० | ११६५ | ९५१६५ | ४२००० | ५३१६५ |
| २२ | पुरुषोतम कुमारजाजोदिया | ४२००० | ० | २७४१ | ४४७४१ | ३८९७५ | ५७६६ |
| २३ | हिमलाल सापकोटा | ४२००० | ० | ७०० | ४२७०० | ३४३०० | ८४०० |
| २४ | मान सिंह रावत | ४२००० | ० | १०६२३ | ५२६२३ | ४५६७५ | ६९४८ |
| २५ | विर वहादुर महरा | ४२००० | ० | ६९६५ | ४८९६५ | ० | ४८९६५ |
| २६ | कपिल देव जोशी | ४२००० | ० | ६९६५ | ४८९६५ | ० | ४८९६५ |
| २७ | दिर्घराज भट्ट | १२६००० | ० | ५२५ | १२६५२५ | ९९७५० | २६७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | देवदत्त भट्ट | ४२००० | ० | १७५ | ४२१७५ | ३३२५० | ८९२५ |
| २९ | धर्म सिंह रावल | १२६००० | ० | ५२५ | १२६५२५ | ९९७५० | २६७७५ |
| ३० | पुष्पराज अवस्थी | ८२००० | ४२००० | १४४०० | १३८४०० | ४७६०० | ९०८०० |
| ३१ | जय देव भट्ट | ८३२०० | ० | ८९३ | ८४०९३ | ५७२७५ | २६८१८ |
| ३२ | लक्ष्मण सिंहखडायत | ८४००० | ११५६५६१ | ११५६५७ | १३५६२१८ | १३३०७१८ | २५५०० |
| ३३ | बिरेन्द्र सिंहसाउद र तारा सिंह भण्डारी | ८२००५ | २०५६९ | ४१८२ | १०६७५६ | ७०६३१ | ३६१२५ |
| ३४ | ऋषिराम फुलेल | ८२७०४ | ० | १२७५ | ८३९७९ | ५७२०४ | २६७७५ |
| ३५ | गोरख सिंह साउद | ८२००० | ० | १०२०० | ९२२०० | १४००० | ७८२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | महेश राम दमाई | ९९००० | १४०४२५ | २०१४२ | २५९५६७ | २०५००० | ५४५६७ |
| ३७ | जगदिश चटौत | ८८००४ | ८२०१७ | २८५२९ | १९८५५० | ५०००० | १४८५५० |
| ३८ | नवराज भट्ट | ८१००४ | ६२४५ | ३६८५ | ९०९३४ | ५३८७४ | ३७०६० |
| ३९ | नरेन्द्र प्रसादभट्ट | ८९००० | २०१६०० | ८१३४० | ३७१९४० | ० | ३७१९४० |
| ४० | डम्वर गहतराज | ८८६०० | ० | ० | ८८६०० | ७९२५० | ९३५० |
| ४१ | खेमराज भट्ट | ८७११२ | ० | ३०६० | ९०१७२ | ५३११२ | ३७०६० |
| ४२ | श्रीकृष्ण भट्ट | ८६२०० | ६३७०८ | ७६४६ | १५७५५४ | १२५३१९ | ३२२३५ |
| ४३ | रामसीह वुढाऐर | ९६८०० | २८४५९०३ | ६४२८१८ | ३५८५५२१ | १५००००० | २०८५५२१ |
| ४४ | कमला देवी जोशी | ८९४०४ | १६०५३ | २८८१ | १०८३३८ | ७५१४१ | ३३१९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५ | वसन्ती सामन्त | ९०२२० | १०९४३४ | १४००४ | २१३६५८ | १६३३३२ | ५०३२६ |
| ४६ | लक्ष्मण सुनार | ९४४०० | ० | ४२५ | ९४८२५ | ७६९७५ | १७८५० |
| ४७ | नागेन्द्र प्रसादपन्त | ८८६०८ | ० | ० | ८८६०८ | ७९२५८ | ९३५० |
| ४८ | रामसिंह धामी | १०१२०४ | ११५२९२० | ३९८३६४ | १६५२४८८ | ० | १६५२४८८ |
| ४९ | गैर सरकारी सिंहमहासंध | ३०००० | ४०८४४७ | ४०८४५ | ४७९२९२ | ० | ४७९२९२ |
| | **जम्मा** | **३५३०२६५** | **८३८६९२१** | **१८५१७६८** | **१३७६८९५४** | **५५५१९१३** | **८२१७०४१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **असुली गर्न बाँकी आन्तरिक आय**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ७ व्यवसायिबाट रू ४७०४११८३।७४ असुल गर्ने बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने | ३६,३२२,३७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | |

| सि नं | ठेक्काको विवरण | नाम | सम्झौता रकम | असुल रकम | बांकी |
|---|---|---|---|---|---|
| १ | खन्या खोलाको नदीजन्य पदार्थमा शुल्क उठाउने | अम्रृत कन्सट्रक्सन वेदकोट | ५५५१०००। | २२२०४००। | ३३६०३०० |
| २ | कामीकाटे खोलाको नदीजन्य पदार्थमा शुल्क उठाउने | सुमन कन्सट्रक्सन भीमदत्त ५ | ६७००५००। | २६८०२००। | ४०२०३०० |
| ३ | महाकाली नदीमा नदीजन्य पदार्थमा शुल्क उठाउने | श्री भवानी कन्सट्रक्सन प्रा ली भीमदत्त १८ | ४७६६२४६९। | १९१०००००। | २८५६२४६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | महाकाली नदीको माछा | श्री पार्वति फलफुल तथा तरकारी पसल भिमदत्त ४ | २२३५२२।३६ | १०१०००। | १२२५२२ |
| | भारतवाट पैठारी भै आउने तरकारी | श्री भवानी कन्सट्रक्सन प्रा ली भीमदत्त १८ | ४२७९७५।६८ | १७११९०।२७ | २५६७८५ |
| | | **जम्मा** | | | **३६३२२३७६** |

महाकाली नदीमा नदीजन्य पदार्थको उत्खनन संङ्कलन र बिक्री गर्न पालिका र श्री भवानी कन्सट्रक्सन प्रा लि विच २०७८ मंशिर २ गते मु अ कर वाहेक रु ४७६६३४६९। मा सम्झौता भएकोमा सो मध्ये रु १९१०००००। दाखिला गरी बांकी रु २८५६२४६९। वरावरको बैक जमानत लिनु पर्नेमा सिद्धार्थ बैक महेन्द्रनगरको मिति २०७९।२।१ अवधि भएको चेक स्वीकार गरी नदीजन्य पदार्थ उत्खनन गर्ने अनुमति दिएको पाईयो । तर उक्त चेकमा उल्लेख भएको रकम सो अवधिमा जम्मा नभई हाल सम्म पनि राजस्व बक्यौता नै रहेको देखियो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **पि एस आइटमको विजक**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको निर्माण सम्बन्धि कार्यमा बोलपत्र मार्फत खरिद गरेकोमा प्रोभिजनल सम आइटम वापतको रकम भुक्तानी गर्दा सोको सक्कल विल विजक संलग्न नगरेकोले सक्कल विजक पेश गर्नुपर्ने अन्यथा असुल दाखिला गर्नुपर्ने रु. | ७३२,८७२ |

| भौ.नं. | ठेक्का नं. | निर्माण व्यवसायी | रकम | काम |
|---|---|---|---|---|
| ३०-६।२० | २७/WOB/२०७७/७८ | वाइ.आर/अमृत जे.भी. | ३००००.० | साइनवोर्ड लागायतका कार्य |
| ४०-६।२१ | २८/WOB/२०७७/७८ | एम.के.निरज जे.भी. | ३००००.० | |
| ४२-६।२२ | ३०/WOB/2077/78 | वाई.आर./अमृत जे.भी. | ३००००.० | |
| १५६-१०।४ | ४३/BCW/2077/78 | ध्रुव कन्ष्ट्रक्सन | १००००.० | |
| | | | ४००००.० | ल्याव टेष्ट रिपोर्ट |
| | | | १०००००.० | ट्राफिक म्यानेजमेन्ट |
| | | | १०००००.० | क्याम्प निर्माण |
| ३७-६।२० | फुलबारी टोल सडक कालोपत्रे | शैलेश्वरी निर्माण सेवा | ५०००.० | ल्याव टेष्ट |
| ५५६-१।१९ | ३९/MOB/२०७७/७८ | अनक जोशी जे.भी. | ३६७८७२.० | विमा वापत |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td></td><td>२००००.०</td><td>साइन वोर्ड वापत</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>७३२८७२.०</td><td></td></tr></table> | |
| ६३ | | | **ठेक्का.नं. ४२/BC/२०७६/७७, प्रशुति भवन निर्माण**<br><br>प्रशुति भवन निर्माण कार्यको लागि महाकाली निर्माण सेवासँग रु.२३३७४०१।१ मा सम्झौता गरी कार्य गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् | |
| ६३.१ | | | **कार्यसम्पादन जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कुनै पनि निर्माण कार्यको सम्झौता गर्दा त्रुटि सच्याउने अवधि समाप्त भएको १ महिना पछि सम्मको अवधि रहेको कार्यसम्पादन जमानत पेश गरेर मात्र सम्झौता गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं. ४२/BC/२०७६/७७, प्रशुति भवन निर्माणकार्यको लागि महाकाली निर्माण सेवा मार्फत कार्य गरेकोमा निर्माण कार्य मिति २०७८।११।२० मा सम्पन्न भएकोमा उक्त निर्माण कार्यको कार्यसम्पादन जमानत रकम रु.४५४७०८।० को जमानत म्याद २०२२/१/२६ सम्म मात्र कायम रहेकोले त्रुटि सच्याउने अवधि भन्दा १ महिना बढी अवधि अर्थात मिति २०२३/२/२७ सम्म कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ । | |
| ६३.२ | 279 | २०७८-११-२० | **लागत साझेदारी -** तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ५(१) अनुसार आयोजना संचालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानिय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले प्रशुति भवन निर्माण कार्यमा रु.३६२३२२०।६५ को लागत अनुमान स्वीकृत गरेकोमा संघ सरकार तर्फबाट रु.२५ लाख र पालिकाको रु.११२३२२०।० लागत साझेदारी रहने उल्लेख छ । बोलपत्र मार्फत कार्य गराउँदा कबोल अंक रु.२३३७४०१।० मा सम्झौता गरी कार्य भएकोमा यस आर्थिक वर्षमा अन्तिम विल बापत रु.१७७०१५७।—भुक्तानी गरेको छ । सम्झौता अनुसार संघ सरकारको रु.१२२१४०८।० र नगरपालिकाको रु.५४८७४९।० लागत साझेदारी हुनुपर्नेमा संघ सरकारको रु.१०९०००।० र नगरपालिको रु.१६७११५७।० भुक्तानी भएको छ । संघ सरकार तर्फको कम लागत साझेदारी देखिएको रकम रु.१११२४०८।० नियमसम्मत नदेखिएको रु. | १,११२,४०८ |
| ६४ | | | **होल्डिङ्ग सेन्टर निर्माण कार्य** | १,४६९,५७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ठेक्का नं 1/C-PG-HC/2078/079 होल्डिङ्ग सेन्टर निर्माण कार्यसामाजिक विकास मन्त्रालय र नगरपालिकाको ५०।५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी भौनेली निर्माण सेवासँग खरिद सम्झौता भएको प्रतिक्रिया पालिकाले दिएकोमा उक्त ठेक्का सम्बन्धि फाइल लेखापरीक्षणको क्रममा उपलब्ध नभएकोले के हो यस सम्बन्धमा एकिन हुन सकिएन । साथै प्राप्त श्रेस्ता परीक्षण गर्दा पेश्की वापत रु.२७००००।० र प्रथम रनिङ्ग विलबाट रु ११९९५७५।० समेत रु१४६९५७५।० भुक्तानी गरेको छ । भुक्तानी रकम सवै पालिका तर्फबाट भुक्तानी भएको देखिन्छ । पालिका र सामाजिक विकास मन्त्रालय तर्फको ५०।५० प्रतिशत लागत साझेदारी हुनुपर्नेमा पालिकाको सवै लागत साझेदारी भएको देखिएको मन्त्रायलय तर्फको साझेदारी अंश आगामी विलबाट मिलान गर्नुपर्दछ । साथै उक्त ठेक्का सम्बन्धि फाइल प्राप्त नभएकोले खरिद प्रक्रिया एकिन हुने ठेक्का फाइल (लागत अनुमान, सुचना प्रकाशन, वोलपत्र प्रक्रिया, सम्झौता आदि) विवरण पेश गर्नुपर्ने रु. | |
| ६५ | | | **ठेक्का व्यवस्थापन**<br><br>पालिकामा यस आर्थिक वर्षमा ३३ वटा र गत विगत वर्षका सरि आएका४४ गरि जम्मा ४८ खरिद कार्य शिलवन्दी तथा वोलपत्र मार्फत गरेको विवरण प्राप्त भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन् | |
| ६५.१ | | | पालिकाबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा ३३ खरिद कार्यमा रु.१५ करोड ३ लाख २ हजार लागत अनुमान तयार गरेकोमा रु.११ करोड २६ लाख १७ हजारमा खरिद सम्झौता भएको छ । ३३ खरिद सम्झौता मध्ये २९ सम्झौता यसै आर्थिक वर्षमा र ४ सम्झौता आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी खरिद सम्झौता भएकोमा १० वटा मात्र सम्पन्न भएको, १७ वटा कार्य भइरहेको र २ वटा योजनाको कार्य सुरु नै हुन नसकेको देखिन्छ । अत सम्झौता भएको खरिद कार्यलाई समयमा नै सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६५.२ | | | **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्नस भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्ति भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्नल प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्ना प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्नन भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्कालको प्राविधिक कर्मचारी खटाई नियममा भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्नत प्रतिवेदन तयार भए नभएको, ठेक्काि स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्नप प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्नत प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्रे् कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६५.३ | | | **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ६५.४ | | | **विमा नगराएको —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार दश लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण सामाग्री, उपकरण, कामदार लगाएतको वीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालित १० लाख भन्दा बढी सम्झौता रकम भएका अधिकांश निर्माण कार्यमा बीमा गराएको छैन । नियमावलीमा भएको व्यवस्था अनुसार वीमा गराउनुपर्दछ । | |
| ६५.५ | | | **पेश्की रकम खर्च-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क -६_मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५.६ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ६६ | | | **कार्यान्वयन हुन नसकेका ठेक्का**<br><br>प्राप्त विवरण अनुसार रु १० करोड ८२ लाख ६० को देहायबमोजिम १४ वटा योजना सम्झौता भएकोमा पेश्की समेत रु २ करोड ६० लाख २६ हजार भुक्तानी भएको छ । | |
| ६६.१ | | | | |

| | **आ.व.२०७८/७९मा** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **योजनाकोनाम** | **ठेक्का नं.** | **सम्झौतारकम भ्याट समेत** | **ठेकेदारको नाम, ठेगाना** | **जम्मा भुक्तानी** | **श्रोत** | **सम्पन्न गर्नु मिति** | **म्याद रहेको** | **थप/** | **कैफि** |
| १ | होल्डिङसेन्टर निर्माण | 1/C-PG-HC/2078/079 | ३०६० | Bhauneli Nirman Sewa | १४७० | सामाजिक बिकास मन्त्रालयको ५०% | २०७९।२।३० | | | बजे |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | भिउटावरनिर्माण कार्य | 2/VTCW/2078/079 | ७२७१ | Maharudra Nirman Sewa | ६०० | न.पा. | 2078/8/11 | २०८०।१।३० | स्था अभा |
| | **आ.व.२०७७।०७८** | | | | | | | | |
| ३ | खन्ना चौराहा आरसिस सडक निर्माण | 20/RCCR/2077.078 | ८४६ | खगराज एन्डअमित कन्सट्रक्सन | ० | न.पा. | 2078.02.32 | 2078.12.30 | बजे |
| ४ | स्वास्थ्य सहायता केन्द्र | 24/HDC/2077.078 | ३१४३ | खगराज एन्डअमित कन्सट्रक्सन | ७८६ | संघ | २०७८।२।३१ | | बजे |
| ५ | झौ.पु. को लागि फाइब्रिकेट स्टिलको सामान किन्ने कार्य | 25/SBP/2077.078 | १५१३ | न्यू भेरीइन्जिनियरिङ वर्कसप | 0 | संघ | 2078.12.08 | बैंक जमानत जफतको पत्र पठाईएको | सप्ल कम्प कार्य |
| ६ | भासी गेट निर्माण कार्य | 33/GC/2077.078 | १४०११ | श्रीयाजनिर्माण सेवा प्रा.लि. | 0 | न.पा. | २०७८।२।३१ | | स्था अभा |
| ७ | इको पार्कमा पर्खाल तथा फूटपाथ निर्माणको कार्य | 44/ECOP/2077.078 | ४५०१४ | गौरीपार्वती-अनक-जोशी जे.भी. | ७६०० | पर्यटन मन्त्रालय, संघ | २०८०।३।१५ | | बजे |
| | **आ.व. 2076।077** | | | | | | | | |
| 8 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं. ९ र १० | 25/RUI/2076/077 | ५१४८ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि., | २३०० | न.पा. | 2077-01-31 | 12/30/2078 | बजे |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 9 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं. १४,१५,१६ र १७ | 26/RUI/2076/077 | ३११३ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि., | २९५० | न.पा. | 2077-01-31 | 12/30/2078 | बजे |
| 10 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं. १८ र १९ | 27/RUI/2076/077 | ६३९१ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि. | २८०० | न.पा. | 2077-01-31 | 12/30/2078 | बजे |
| 11 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं. १ र २ | 28/RUI/2076/077 | ३४०९ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि. | १९५० | न.पा. | 2077-01-31 | 12/30/2078 | बजे |
| 12 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं.३ र ७ | 29/RUI/2076/077 | ४१६६ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि. | १६८४ | न.पा. | 2078-06-30 | 12/30/2078 | बजे |
| 13 | सडक सुधार तथा स्तरोउन्नति गर्ने कार्य, वडा नं. ४,५ र ६ | 30/RUI/2076/077 | ५७७६ | वाई.आर.कन्स्ट्रक्सन प्रा. लि. | ३८८६ | न.पा. | 2077-02-32 | 12/30/2078 | बजे |
| 14 | नेपाल प्रवेश द्वार निर्माण कार्य | 99/NEG/2076/077 | ५३९९ | आकाश दीप निर्माण सेवा, | ० | न.पा. | एकिन नभएको | | स्था<br>रबजे |
| | जम्मा | | | | | | | | |

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

| | | | | |
|---|---|---|---|---|
| ६६.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(१) अनुसार सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभइ खरिद कार्य गर्न नहुने व्यवस्था छ । पालिकाबाट उपलब्ध विवरण अनुसार गत विगत वर्ष र यस वर्ष समेत गरि १३ वटा योजना बजेट अभावको कारण रद्द गर्नुपर्ने अवस्था रहेको उल्लेख छ । १३ वटा योजना १ वटा योजना मात्र बहुवर्षिय प्रकृतिको योजना रहेको र अन्य १२ योजना सम्बन्धित आर्थिक वर्षमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्ने गरी ठेक्का प्रक्रिया र सम्झौता भएका योजना रहेको देखिन्छ । सम्बन्धित आर्थिक वर्षमा बजेट विनियोजन भएकोमा ठेक्का प्रक्रिया तथा अन्य विविध कारणले ढिला गरेको कार्य सोही आर्थिक वर्षमा सम्पन्न भएको र आगामी आर्थिक वर्षमा उक्त योजनामा बजेट विनियोजन नभएको कारण बजेटको अभाव भएको पालिकाको प्रतिक्रिया रहेको छ । अतः तोकीएको समयावधिमा कार्य सम्पन्न नगर्ने पक्षलाई जिम्मेवार वनाउँदै अधुरो ठेक्कालाई सम्पन्न गर्नको लागि बजेटको सुनिश्चितता गर्ने वा ठेक्का प्रक्रिया अन्त्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६६.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माणस्थलको सुनिश्चितता नभइ बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । तर पालिकामा हाल ३ वटा योजना स्थानको सुनिश्चितता नभएको कारण अलपत्र रहेको विवरण प्राप्त भएको छ । यसरी योजना स्थल नै सुनिश्चित नगरी वोलपत्र प्रक्रिया अगाढी वढाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६६.४ | | | ठेक्का नं. ४४।ECOP।२०७७।७८ इको पार्कमा पर्खाल तथा फुटपाथ निर्माणको लागि गौरी पार्वती अनक जोशी जे भी सँग २०८०।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७८।३।१६ मा रु.४५०१४४५९।० रकममा सम्झौता भएको छ । सम्झौता अनुसार गत आर्थिक वर्षमा नै रु. ७६ लाख पेश्की भुक्तानी भएको छ । योजनाको लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. २६० मिति २०७७।११।१५ को पत्रानुसार नेपाल सरकारको रु. ४ करोड ५० लाख र स्थानीय तहको रु.२ करोड ५० लाख लागत स्रोत हुने गरी पत्र प्राप्त भएको र सोही अनुसार वोलपत्र प्रक्रिया सुरु भएको देखिन्छ । पालिकाबाट गत आर्थिक वर्षमा रु.५८५१८००।० यस आर्थिक वर्षमा रु. १७४८२००।० र आगामी आर्थिक वर्षको लागि बजेट विनियोजन नै भएको छैन भने नेपाल सरकार (संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) बाट गत आर्थिक रु.७६ लाख बजेट प्राप्त भएकोमा यस आर्थिक वर्षमा कुनै बजेट विनियोजन भएको देखिएन । बजेट प्राप्तको लागि विभिन्न समयमा पत्र पठाएकोमा मन्त्रालयबाट कुनै जवाफ प्राप्त नभएको प्रतिक्रिया पालिकाले दिएको छ । बजेट सुनिश्चित गर्ने निमार्ण कार्य सम्पन्न गर्ने तथा स्रोत प्राप्त नहुने अवस्थामा ठेक्का प्रक्रिया समाप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले पेश्की बापत रु.७६ लाख भुक्तानी गरेकोमा उक्त पेश्कीको म्याद २०२२ अप्रिल १३ मा समाप्त भइ सकेकोले पेश्की जमानतको म्याद थपको प्रमाण पेश गर्नुपर्ने अन्यथा पेश्की रकम फिर्ता गर्नुपर्ने रु | ७,६००,००० |
| ६६.५ | | | ठेक्का नं. २।VTCW।२०७८।७९ भिउटावर निर्माण कार्यको लागि महारुद्र निर्माण सेवासँग मिति २०७८।७।९ मा मु.अ. कर बाहेक रु.६४३४१८६।२४ मा मिति २०७९।७।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । पालिकाले २०७९।६।१३ मा काम सुरु गर्न ताकेता गरेकोमा निर्माण व्यवसायीले २०७९।६।२७ मा साइट उपलब्ध गराउन र म्याद थपको लागि निवेदन पेश गरेको छ । सोही अनुसार पालिकाले मिति २०८०।१।३० सम्मको लागि म्याद थप गरेको छ । पालिकाले हालसम्म पनि साइट उपलब्ध गराउन सकेको छैन । यस सम्बन्धमा पालिकाले महाकाली पुल क्षेत्रको निर्माण कार्य सम्पन्न नभएको कारण साईट उपलब्ध गराउन नसकेको प्रतिक्रिया दिएको छ । यसरी स्थान नै छनौट नगरी | ६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वोलपत्र आव्हान गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै उक्त ठेक्काको लागि प्रथम पेश्की बापत रु.६०००००।० भुक्तानी भएकोमा पेश्की जमानतको म्याद २०७९।१।११ सम्म मात्र कायम रहेकोले पेश्की जमानतको म्याद थपको प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>पेश्कीमा कन्डिसन<br><br>पालिकाले पेश्की भुक्तानी गर्दा पेश्की जमानत राखी पेश्की भुक्तानी गरेकोमा पेश्की जमानतमा सम्बन्धित वैंकको सोही खातामा जम्मा गरेमा मात्र पेश्की जमानत लागु हुने उल्लेख गरी बैंकले पेश्की जमानत जारी गर्ने गरेको देखियो । तर पालिकाले पेश्की भुक्तानी गर्दा सम्बन्धित बैकको सोही खातामा नै पेश्की भुक्तानी हुने गरी भुक्तानी गरेको पाइएन । जसबाट पालिकाले भुक्तानी गरेको पेश्की जोखिममा पर्ने देखिन्छ । अत पेश्की जमानत पेश गर्दा सर्त नतोकी जारी गर्ने तथा यदि त्यसरी जमानत जारी भएमा सम्बन्धित खातामा रकम जम्मा हुने गरी भुक्तानी गर्नुपर्दछ । केही उदाहरण<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>ठेक्का नं.</th><th>बैंक</th><th>खाता नं.</th><th>रकम</th></tr>
<tr><td>१</td><td>15/WOB/077/78</td><td>NCC Bank</td><td>०१००००११०४८०१</td><td>१५०००००.०</td></tr>
<tr><td>२</td><td>40/VM/2077/78</td><td>NCC Bank</td><td>०१००००११५४२०१</td><td>३५०००००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td>137</td><td>२०७८-९-७</td><td>पाइप खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा मुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले पाइप खरिद कार्यक्रम अन्तर्गत दोगडा शक्ति ट्रेड सप्लायर्सबाट १६०mm HDPE पाईप ११६ मि. रु.१७०६.३ का दरले खरिद गरि रु.१९७९३०।० भुक्तानी गरेको छ । यसरी पाइप खरिद गरी भुक्तानी भएकोमा पाइप कुन ठाउँमा जडान भएको सोको प्रमाण संलग्न नभएकोले पाइप जडान भएको खुल्ने प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१९७,९३०</td></tr>
<tr><td>६९</td><td>537</td><td>२०७९-१-८</td><td>वडा नं. १२ का विभिन्न क्षेत्रहरुमा वालुवा सरसफाई</td><td>४८४,७९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. १२ का विभिन्न क्षेत्रहरुमा बालुवा सरसफाईकार्यको लागि दररेट माग गरि नागार्जुन विल्डर्सलाई २१९ घण्टा कार्य गरेको उल्लेख गरी प्रति घण्टा रु.२२१३।६७ का दरले रु.४८४७९३।० भुक्तानी गरेको छ । निर्माण व्यवसायिले कुन क्षेत्रमा के कति कार्य गरेको हो सोको लागत अनुमान, नापी किताब, सम्पन्न प्रतिवेदन तयार गरेको छैन । यसरी के कार्य गरेको उल्लेख नगरी २१९ घण्टा ब्याक्हो लोडर प्रयोग गरेको भनि रकम भुक्तानी गर्नु मुनासिव देखिएन । अत के कति कार्य गरेको हो सोको लागत अनुमान, नापी किताब र सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| ७० | ७५ | २०७८-७-८ | **प्रमाण वेगरको खर्च**<br><br>पालिकाले अधुरा योजनाहरुको भुक्तानी कार्यक्रम अन्तर्गतबाट नदिजन्य पदार्थ उत्खनन भई ढुवानी हुने समयमा पानी छर्के वापत २०७७ कार्तिक २ देखि २०७८ जेष्ठ मसान्त सम्म दैनिक इन्धन सहित रु.३२००।० दने गरी संजिव भट्टसँग सम्झौता गरेकोमा २०७८।१२।१६ देखि पछाडी जेष्ठ मसान्त सम्मको ७८ दिनको रु.२४९६००।० यस आर्थिक वर्षमा भुक्तानी गरेको छ । यसरी भुक्तानी भएको रकमको भुक्तानी बाँकी विवरण सम्बन्धित पदाधिकारीबाट प्रमाणित गराइ राखेको छैन । दैनिक कति दुरीमा कति ट्याँकर कुन कुन अवधिमा छर्ने केही नखुलाई सोझै दैनिक रु.३२००।० दिने गरी सम्झौता गर्ने र सोही अनुसार भुक्तानी गर्नु मनासिव देखिदैन । | |
| ७१ | | | **बोरिङ जडान**<br><br>पालिकाले रकम खर्च गर्दा दिगो रुपमा प्रतिफल प्रास हुने गरी खर्च गर्नुपर्दछ । पालिकामा विगत वर्षहरुमा र यस आर्थिक वर्षमा पनि बोरिङ जडान कार्यको लागि अधिक रकम खर्च हुने गरेकोमा हालसम्म पालिकाबाट केकति मात्रामा बोरिङ जडान भए त्यसको अभिलेख पालिकामा राखेको पाइएन । वार्षिक बजेटमा रकम विनियोजन गरी खरिद गर्ने गरेकोमा हालसम्म कतिवटा बोरीङ जडान भए तथा अब पालिकाको कुन क्षेत्रमा बोरिङ जडान गर्न आवश्यक छ त्यस सम्बन्धमा पालिकामा कुनै विवरण छैन । नमुनाको रुपमा छनौट गरि परिक्षण गर्दा यस वर्ष १९ वोरिङ्ग जडानमा रु.५११४०९३।० खर्च भएको देखिन्छ । जडान भएका बोरिङ मध्ये पालिकाबाट विनियोजन भएको रकम अनुसार वोरिङ्ग ड्रिल गर्ने र सोही अनुसार खर्च गर्ने गरेको छ । जस अनुसार ९ मि. देखि ६२ मि. सम्म ड्रिल गरेको छ । एकै क्षेत्रमा पनि फरक फरक हुने गरी ड्रिल गर्ने गरेको छ । अत पालिका मार्फत जडान हुने बोरिङ्गको ड्रिल गर्ने क्षेत्रको मापदण्ड निर्माण गरी रकम भुक्तानी दिने तथा जडान गरेको वोरिङ्गको विवरण अध्यावधिक राखि दोहोरो नहुने गरि खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **सडक सोलार बत्ती जडान**<br><br>पालिकाले खरिद गरेको जिन्सी सामाग्री तथा सञ्चालितक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भए नभएको एकिन गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ । तथा खर्चमा मितव्यायियता कायम हुने गरी खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा उज्यालो भीमदत्त कार्यक्रम अन्तर्गत रु.२८६८५६४।०, सडक वत्ती जडान कार्यक्रमबाट रु.४७८३००।० समेत रु.३३४६८६४।० सडक वत्ती जडान, विद्युत पोल तथा लाइन व्यवस्थापन लगाएतका कार्यमा खर्च गरेको छ । तर उक्त सौर्य वत्ती कुन कुन क्षेत्रमा जडान भए सोको विवरण पालिकामा छैन, भने अव पालिकाको कुन कुन क्षेत्रमा सौर्यवत्ती जडान गर्नुपर्ने आवश्यकता छ सो सम्बन्धमा पानि पालिकामा कुनै अभिलेख रहेको पाइएन । जसबाट हरेक वर्ष सडक वत्ती जडानको लागि बजेट विनियोजन हुने र विनियोजित बजेट बराबरको सबै रकम खरिदमा खर्च गर्ने गरेको देखिन्छ । अतः आवश्यकता पहिचान गरी सोही क्षेत्रमा मात्र सडक वत्ती जडान गर्नुपर्दछ । | |
| ७३ | | | **अधुरो सामुदायिक भवन निर्माण वडा नं ६** | |
| ७३.१ | | | उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ को भाग २(१) अनुसार उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यक्रम वा योजनाका लागि सम्बन्धित उपभोक्ता समितिले लागत अनुमानको कम्तिमा २० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गरी सोको भौचर सहित उपभोक्ता समितिलाई योजना सम्झौताको लागि वडाले सिफारिस गर्नुपर्ने र नगद सहभागिताको व्यवस्था नभएको कुनै पनि आयोजना तथा कार्यक्रम उपभोक्ता मार्फत सञ्चालन गर्न नपाइने उल्लेख छ । पालिकाले वडा नं. ६ को अधुरो सामुदायिक भवन निर्माण कार्य उपभोक्ता समितिमार्फत कार्य गरेकोमा रु.२४१८७८९।० को कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । कार्यविधि अनुसार सम्पन्न अंकको २० प्रतिशत अर्थात रु.४८३७५७।० लागत साझेदारीमा हुनुपर्नेमा उपभोक्ताको लागत साझेदारी नभएकोले उपभोक्ताको लागत साझेदारी वापतको रकम असुल दाखिला गर्नुपर्ने रु. | ४८३,७५७ |
| ७३.२ | | | भवन निर्माण कार्यअन्तर्गत लमसममा Sound system and decoration works and other miscellaneous work as per need and as per directed by engineer कार्य वापत रु.१६०४६०।० को कार्य गरेको उल्लेख छ । स्पष्ट रुपमा के कार्य गर्ने उल्लेख नगरी लमसममा सम्पन्न अंकको ६.६३ प्रतिशत रकम भुक्तानी भएको छ । नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा के कार्य गरको हो नापजाँच गरेर मात्र भुक्तानी दिनुपर्नेमा लमसममा भुक्तानी गरेकोमा सो कार्यको प्रमाण पेश गर्नुपर्ने रु. | १६०,४६० |
| ७४ | | | **गुणस्तर परीक्षण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएका सबै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>उपभोक्ता समितिबाट जटिल संरचना निर्माण<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा विटुमिन डिष्ट्रिव्युटर्स, विटुमिन ब्वाइलर जस्ता हेभि मेशिन प्रयोग हुने कार्य सम्बन्धि कार्य जस्ता हेमि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष उपभोक्ता समिति मार्फत कालोपत्रेको कार्य गरेको पाइयो । नियमावलीको व्यवस्था विपरित हेभी इक्वीपमेन्ट प्रयोग र्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ । केहि उदाहरण निम्न छन् ।
<table>
<tr><th>क.सं.</th><th>उपभोक्ता समितिको नाम</th><th>विवरण</th><th>लागत अनुमान</th><th></th><th>कार्यालयले व्यहोर्ने अंश</th></tr>
<tr><td>१</td><td>भुजेला घाट सडक कालोपत्रे वडा नं. ११</td><td>सडक कालोपत्रे</td><td>३१०००००.०</td><td></td><td>३१०००००.०</td></tr>
<tr><td>२</td><td>वडा कार्यालय जाने बाटो कालोपत्रे</td><td>सडक कालोपत्रे</td><td>१५०००००.०</td><td></td><td>१२०००००.०</td></tr>
<tr><td>३</td><td>गड्डाचौकी बजेर नन्दराज जोशीको घरदेखि भित्र जाने सडक आरसिसि</td><td>सडक कालोपत्रे</td><td>१००००००.०</td><td></td><td>८०००००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>मर्मत सम्भार कोष</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाको मर्मत कोषमा गत आर्थिक वर्षको अ.ल्या. रकम रु.२९३७१७।३०, यस आर्थिक वर्षको आम्दानी रु.५९३७१७।३० समेत जम्मा रु.४६४३७१७।३० आम्दानी रहेकोमा रु.३९६१०००।० खर्च भई रु.६८२७१७।३० मौज्दात रहेको विवरण उपलब्ध भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ७६.१ | | | भिमदत्त नगरपालिकाको मर्मत सम्भार कार्यविधि, २०७४ को बुँदा नं. ७ अनुसार ३ लाख सम्मको योजना प्रमुख प्रशासकीय अधिकृत, ३ लाख देखि ५ लाख सम्मको योजना नगर प्रमुख र सो भन्दा माथिको योजना नगर कार्यपालिकाको स्वीकृतिमा मर्मत सम्भार गरिने व्यवस्था छ । पालिकाले कार्यविधिको व्यवस्था विपरित सवै मर्मत सम्भार सम्बन्धी योजना प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सञ्चालन गरेको छ । यस आर्थिक वर्षमा मर्मत सम्भार कोषमा ३ लाख सम्मका ४ योजना सञ्चालनमा रु.२००४५८।०, ३ लाख देखि ५ लाख सम्मका ८ योजना सञ्चालनमा रु.३७६०५४२।० खर्च गरेकोमा सवै योजना प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा सञ्चालन गर्नु कार्यविधि विपरित देखियो । कार्यविधिको पालना गरी कार्य गर्नुपर्दछ । | |
| ७६.२ | 7 | २०७८-७-२९ | **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मर्मत सम्भार कार्यको लागि अस्मिता विल्डर्स एण्ड मन्टयाक्टर्स प्रा.ली.लाई रु.४८७५२५।० भुक्तानी गरेको छ । संलग्न नापी किताब अनुसार ३*१*१ को ९ थान जाली र २*१*१ को ३३ थान जाली खरिद तथा विछ्याउने कार्य गरेकोमा ९७.५ घ.मी. ढुंगा भर्ने कार्य गरेको छ । जालि खरिद गरेको भन्दा ४.५ घ.मी. बढी ढुंगा भर्ने कार्य गरेको रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु.७८९३.० सम्बन्धित निर्माण व्यवसायिबाट असुल गर्नुपर्ने रु. | ७,८९३ |
| ७७ | | | **योजना कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा ३ मा योजना वनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, स्थानीयहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैंगिक समानता र समावेशीकरण अभिबृदि हुने, महिला,बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । तर पालिकाले आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नवनाई साना साना टुक्रे कामका लागि वजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ । यस्ता योजनाहरु स्थानीय आवश्यकता का आधारमा भन्दा पनि मागका आधारमा छनौट गर्ने गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ । साथै छनौट भएका योजना कार्यान्वयन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भए सम्म एउटै प्याकेज वनाई खरिदमा प्रतिस्पर्धा गराई लागत प्रभावी ढंगवाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एवं दररेट माग गरी साना फर्महरुवाट खरिद एवं निर्माण कार्य गराउने गरेको कारण गुणस्तरयुक्त, दिगो एवं दीर्घकालिन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भए गरेको देखियो । पालिकाले ठूला एवं दीर्घकालमा जनताको रोजगारी आयआर्जन र जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| ७८ | | | **निर्माण कार्यसंग सम्वन्धित कागजात**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुने बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ। | |
| ७९ | | | **मूल्य अभिवृद्धिकर वढि भुक्तानी**<br><br>३३९।२०७८।१२।२ मु अ कर ऐन २०५२ अनुसार सडक सौर्य वत्तीमा प्रयोग हुने सोलार प्यानल र बल्वमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था छ। पालिकले एभरेष्ट ईनर्जी एण्ड कम्पनीसंग ठेक्का नं २-SG-SSL/2078/079 बाट सोलार वत्ती खरिदको भुक्तानी गर्दा मु अ कर नलाग्ने सामानको रु ५७२०००। मा मु अ कर रु ७४३६०। मध्ये ३० प्रतिशत घटाई बांकी रु ५२०५२। समेत भुक्तानी दिएकोले सो भुक्तानी दिएको मु अ कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु ५२०५२। | ५२,०५२ |
| ८० | | | **सडक गुरुयोजना र अभिलेखः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरु योजन तयार गरी सोही वमोजिम कार्य हुनु पर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो । | |
| ८१ | | | **सडक वत्ती**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा पालिका भित्रको सम्पतिको संरक्षण गर्ने दायित्व सम्वन्धित पालिकाको हुने व्यवसथा छ ।कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका र खरिद गरी प्राप्त हुन आएको सम्पतिको मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितवमा आम्दानी वांधी लगत अधावधिक गर्नु गराउनु पर्ने र ति सम्पतिहरुको संरक्षण रेखदेख र नियमित मर्मत सम्भार गर्नु पर्दछ । पालिकाले वडा नं ५ का लागि रु ४८५१२५। वरावरका ५ थान र उज्यालो भिमदत्त कार्यक्रम अन्तर्गत एभरेष्ट सोलार ईनर्जी एण्ड कम्पनी मार्फत रु २७५९०००। मूल्य वरावरका ४४ थान सडक वत्ती खरिद गरी जडान गरेकोमा जडान गरिएका सौर्य वत्तीहरु जडान भएको स्थान समेत खुल्ने गरी जिन्सीमा आम्दानी वांधेको पाईएन । पालिकाले सडक वत्तीको आम्दानी वांधी वत्तीको संरक्षणका लागि रेखदेख र मर्मत संभारको उचित व्यवस्था गर्नु पर्दछ । | |
| ८२ | | | **मूल्य समायोजन वढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मूल्य समायोजन गर्दा सम्झौतामा उल्लेख भए अनुसार सुचाकाङ्क प्रयोग गरी आधार सुचाकाङ्क र बिल भुक्तानीको सुचाकाङ्कको आधारमा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । मूल्य समायोजन भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार निर्माण व्यवसायीले पेश गरेको बिलको मिति भन्दा ३० दिन अगाडीको अविधलाई करेन्ट इण्डेक्स मानी मूल्य बृद्धि फ्याक्टर निर्धारण गर्ने र सोही फ्याक्टरको आधारमा मूल्य वृद्धि भुक्तानी गर्नु पर्नेमा पालिकाको मुख्य प्रशासकीय भवन निर्माण कार्यको ठेक्का वापत दोश्रो रनिङ्ग बिलको रकम रु ११२८८३२०।७४ मा मूल्य समायोजन गणना गर्दा निर्माण सामाग्रीको मे जुनको करेण्ट इण्डेक्स १४०.१५ लिनु पर्नेमा १४१.३१ लिएको कारण मूल्य बृद्धि १७.२८ प्रतिशत हुनु पर्नेमा १७.५९ प्रतिशत हुन गएकोले मु अ कर समेत रु ४००५३। वढि भुक्तानी हुन गएको असुल गर्नु पर्ने रु | ४०,०५३ |
| ८३ | | | **नर्मस भन्दा वढी खर्च** | ७६८,४०७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धि नर्मस भए त्यस्तो नर्मस वमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न सडकहरु निर्माण गर्न् क्रममा कालो पत्रे गर्नु पूर्व गरिने ट्याक कोटको प्रति वर्ग मिटर क्षेत्रमा १ लिटर खपत हुने देखाई सोही वमोजिम निर्माण व्यवसायीहरुलाई भुक्तानी समेत भएको छ । सडक विभागको नर्मस अनुसार प्रतिवर्ग मिटर ०.६ लिटरका दरले खपत हुने व्यवस्था भएकोमा नर्मस भन्दा ०.४ लिटर प्रति वर्ग मिटरले वढी खपत हुने देखाई निम्नानुसार वढी भुक्तानी भएको असुल गर्नु पर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>कामको विवरण</th><th>ट्याक कोट गरेको क्षेत्रफल</th><th>ट्याक कोट खपत लि</th><th>ट्याक कोट वढि खपत भएको लि</th><th>दर</th><th>वढी भुक्तानी मु अ कर समेत</th></tr>
<tr><td>६ र१० २०७८।११।८</td><td>राधा भानू निर्माण सेवा प्रा लि ३७।BTRM।२०७७।७८</td><td>भुजेला महाकाली मझगाउ सडक कालो पत्रे</td><td>१३९६०।१</td><td>१३९६०।१</td><td>५५८४।०४</td><td>८५।</td><td>५३६३४७।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४ र १२ २०७८ ।११। ८</td><td>राधा भानू निर्माण सेवा प्रा लि ३७।BTRM।२०७७।७८</td><td>भुजेला महाकाली मझगाउ सडक कालो पत्रे</td><td>६४१७।५८</td><td>६४१७।५८</td><td>२५६७</td><td>८०।</td><td>२३२०६०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>७६८४०७।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>नर्मस भन्दा वढी भुक्तानीः<br><br>८७९।२०७९।३।२५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धि नर्मस भए त्यस्तो नर्मस वमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । सडक विभागको नर्मस अनुसार प्रतिवर्ग मिटर ०.६ लिटरका दरले खपत हुने व्यवस्था छ । पालिकाले अमर कुंवरको घरदेखि शान्ति आधारभूत विधालय सम्मको सडक कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी श्री वासुलिङ अनिल कन्सट्रक्सन प्रा लि लाई प्रथम रनिङ विलको भुक्तानी दिदा ७७५० वर्ग मिटरको ०.६ लिटरका दरले हुने ४६५० लिटरको भुक्तानी दिनु पर्नेमा १०२३० लिटरको भुक्तानी दिएको पाईएकोले नर्मस भन्दा वढि खपत देखाएको ५६८० लिटरको प्रति लिटर रु १००। मा मु अ कर समेत रु ६३०५४०। असुल गर्नु पर्ने रु</td><td>६३०,५४०</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>विधालय भौतिक निर्माण अनुदान<br><br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृ मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को बुदा न ८.२ मा भौतिक निर्माण सम्वन्धमा कार्यसंचालन गर्दा भौतिक</td><td>३,६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माणको लागत अनुमान तयार गर्न, विधालयसँग सम्झौता गर्न, सोही वुँदा अनुसार तोकए अनुसार किस्तामा रकम निकासा गर्न तथा निर्माण सम्बन्धमा सर्वेक्षण फाराम, लागत अनुमान, सझौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गराई स्थानीय तह र विधालयमा राख्नु पर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापी किताव भरेर मात्र दिनु पर्ने व्यवस्था छ ।पालिकाले देहाय वमोजिमको अनुदान उपलब्ध गराउदा लागत अनुमान, विधालयको सझौता, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन अनुगमन प्रतिवेदन लगायत कागजात नै पेश नगरी भुक्तानी दिएकोले निर्देशिकाले तोके वमोजिम सम्झौता, नापीकिताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु, | |

| **भौ नं र मिति** | **विधालयको नाम** | **कार्यक्रम** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १६। २०७९।२।१७ | श्री बैजनाथ माध्यामिक विधालय भी न पा ४ महेन्द्रनगर | २ कोठे भवन | १८०००००। | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम |
| १६। २०७९।२।१७ | श्री महाकाली आधारभूत विधालय तुमडानी भी न पा ९ | २ कोठे भवन | १८०००००। | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम |
| | **जम्मा** | | **३६०००००।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **सिंचाई वोरिङ्ग**<br>२४ र २५।२०७८।३।२५ सावजिनक खरीद नियमावली, २०६४ को नियम ५क मा सार्वजनिक निकायका प्रमुखले कुनै मालसामान खरिद गर्नु अघि ऐनको दफा दफा ४ बमोजिम स्पेसिफिकेसन योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु पर्ने र नियम ११७(१) अनुसार सार्वजिनक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्ति गरिएको मालसामान स्वीकर्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं | १,८९७,१२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ११,१३,१४,१५ र १६ मा सिंचाई वोरिङ्गको कार्यक्रम अन्तर्गत रु १८९७१२२। मूल्य वरावरका ३२०।०१ मिटर पाईप तथा ३२ थान पम्प र सो का लागि फिटीङका सामानहरु खरिद गरी वडा कार्यालयलाई हस्तान्तरण गरेकोमा खरिद कार्य गर्नु भन्दा पहिला लाभग्राहीहरुको पहिचान तथा छनोटका आधार र वितरण तथा वितरण भएका पाईप तथा पम्प सेट जडान, नापजाँच तथा प्रयोगको सम्वन्धमा अनुगमन भई जडान भएको प्रतवेदन पेश भएको छैन। लाभग्राही छनौटको आधार र वितरण भएका पाईपको जडान भएको प्रतिवेदन पेश हुनु पर्ने रु | |
| ८७ | | | **डिपीआर निर्माण** | |
| ८७.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ माबजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको परामर्श सेवा खरिदमा रु.८५६७९००।० खर्च गरेको विवरण प्राप्त भएको छ । यसरी तयार गरेका डिपीआर पालिकाको सम्पत्तीको रुपमा पालिकामा लेखांकन गरि अभिलेख राख्नुपर्दछ । | |

| क्र.सं. | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | Preparation of detail engineering survey soil investigation design lost estimate and preparation of DPR of Bhanu chowk pedestrian Bridge ward no.4 | १,७६६,९००.०० | |
| २ | Preparation of detail eng.study,survey,design cost estimate and DPR preparation of Ashram of Bishnu mandir Area, ward no.5 kanchanpur | १,७६७,२००.०० | |
| ३ | preparation of master plan and land scape design of Bishnu mandir Area with DPR preparation of Yogasala and bibha mandap ward no.3 | १,७६७,१००.०० | |
| ४ | preparation detail engoneering study survey, design,cost estimate and DPR preparation of raidunga sadit park and view tower, ward no.3 | १,७६६,७००.०० | |
| ५ | भि.न.पा ९महाकालि नदि किनारमा बन्ने स्नानघाटको डिजाइन,ड्रोइङ, रलगायत सटीमेटको पूर्ण डि.पि.आर. तयार | १,५००,०००.०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>८५६७९००</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>८७.२</td><td></td><td></td><td>लागत अनुमान – सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा भएको व्यवस्था अनुसार तयार गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा रु. ८५६७९००।० बराबरका ५ परामर्श सेवा खरिद गरेकोमा नियमावलीमा भएको व्यवस्था अनुसारको सम्बन्धित नर्म्सको प्रयोग गरेको छैन । सडक, पुल र भवन बाहेक अन्य प्रकृतिको योजनाहरु (पार्क, भ्यू टावर, आर्यघाट, स्नान घाट, मठ मन्दिर आदि) को डिपीआर निर्माणको लागि कार्यपालिकाको मिति २०७७।३।३ को निर्णयानुसार एकमुष्ट रुपमा एकै प्रकृतिको र एकै जनशक्ति समावेश गरी दररेट स्वीकृत गरेको छ । जस अनुसार वास्तविक लागत, लाग्ने जनसक्ति एकिन नगरी विनियोजित बजेट अनुसार रकम बाँडफाँड गरी लागत अनुमान तयार गर्ने तथा सोही अनुसार खरिद कार्य गर्ने गरेको छ । यसरी स्पष्ट आधार र मापदण्ड नवनाइ कामको प्रकृति र कार्यक्षेत्र समेतको विश्लेषण नगरी डिपिआरको दररेट कायम गर्नु मनासिव देखिदैन । सम्बन्धित कार्य क्षेत्र र जनसक्तिको आवश्यकतालाई समेत ध्यानमा राखि क्षेत्र अनुसारको दररेट तयार गरी लागु गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७.३</td><td></td><td></td><td>डिपीआरको आवश्यकता —पालिकाले डिपिआर निर्माण गर्दा उक्त योजनाको आवश्यकता, योजना निर्माण गर्ने क्षमता, औचित्यता समेतलाई आधार मानि निर्माण कार्य गर्नुपर्दछ । यस वर्ष पालिकाले निर्माण गरेका डिपिआर मध्ये प्रत्यक्ष रुपमा पालिकालाई प्रतिफल प्राप्त हुने र तत्कालिन आवश्यकता परिपूर्तिका साथसाथै दिर्घकालिन रुपमा सकरात्मक प्रतिफल प्राप्त नहुने खालको डिपिआर निर्माणमा अधिक खर्च गरेको देखिन्छ । पालिकाको आधारभुत आवश्यकता (शिक्षा, स्वास्थ्य, सडक, खानेपानी आदि) परिपूर्ति नभएको अवस्थामा पालिकाले आकासे पुल, भ्युटावर लगाएतको योजनाको लागि डिपीआर निमार्ण गर्नु औचित्यपूर्ण देखिदैन । अतः यस प्रकारका डिपिआर निर्माण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>सोझै खरिदः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ ।ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट निम्नानुसार रु. २७,४२,२६८.०० बराबरका कार्यालय सामाग्री को सोझै खरिद गरेको पाईयो ।प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको गर्ने कार्य नियमसंगत देखिएन । | |

| क.सं | गो.भौ.नं/मिति | आपुर्तिकर्ताको नाम | सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २६/२०७८-०६-१७ | गोपाल एण्ड ब्रदर्श,महेन्द्रनगर | कार्यालय सामाग्रि | १,१८,५६५.०० |
| २ | ३२/२०७८-०६-१७ | नयू शेखर ट्रेडर्स एण्ड सप्लायर्स | | १,५६,९५७.०० |
| ३ | ४६६/२०७८-०८-०५ | उग्रतारा ट्रेड सप्लायर्स | | २,०८,४२८.०० |
| ४ | ७०/२०७८-०६-१८ | जोशी ट्रेड एण्ड सप्लायर्स | | १,२९,८७०.०० |
| ५ | ५९६/२०७८-०९-०५ | | | १,६०,९६३.०० |
| ६ | ८७१/२०७८-११-०४ | | | १,०१,३७८.०० |
| ७ | ८६/२०७८-०६-१९ | जय लक्ष्मी ट्रेड एण्ड सपल्यार्स | | २,९६,३४६.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>११९/२०७८-०६-१९</td><td rowspan="2">जय लक्ष्मी ईन्टरप्राईजेज</td><td rowspan="4"></td><td>१,१०,०७८.००</td></tr>
<tr><td>९</td><td>१२०८/२०७८-११-२६</td><td>३,१६,४७९.००</td></tr>
<tr><td>१०</td><td>१७८/२०७८-०६-२१</td><td>आरम्भ ट्रेड कन्सर्न</td><td>४,३६,१८०.००</td></tr>
<tr><td>११</td><td>९६९/२०७८-११-०९</td><td>विष्णु जानकी ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१,६९,५००.००</td></tr>
<tr><td>१२</td><td>६९१/२०७८-०९-१२</td><td rowspan="2">उग्रतारा ट्रेड सप्लायर्स</td><td>ल्यापटप,प्रिन्टर</td><td rowspan="2">५,३७,५२४.००</td></tr>
<tr><td>१३</td><td>५३९/२०७८-०९-२७</td><td>यु.पि.एस,मोबाईल</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२७,४२,२६८.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>ट्याक कोट<br><br>सडक विभागवाट स्वीकृत भएकोसडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले देहायबमोजिको कालोपत्रे सडक निर्माण कार्यमा ट्याक कोटको लागि प्रति वर्ग मिटर ०.६ लिटर विटुमिन भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रकम रु. सम्बन्धितबाट असुल दाखिला गर्नुपर्ने रु.</td><td>८४,१३७.६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>निर्माणकर्ता</th><th>ट्यागकोट वर्ग मिटर</th><th>विटुमिन लाग्ने</th><th>भुक्तानी विटुमिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>३६१-११।१९</td><td>वडा कार्यालय जाने बाट कालोपत्र</td><td>उपभोक्ता समिति</td><td>१३४७</td><td>८०८.२</td><td>९३५.०४</td><td>१०३.२४</td><td>१३०९५.०</td></tr>
<tr><td>७८८-३।१९</td><td>पल्लबराज भट्टको घरदेखि दयाकृष्ण जोशीको घरजाने सडक कालोपत्रे</td><td>एल.वि. कन्ष्ट्रक्सन</td><td>२३२.८३</td><td>१३९.७०</td><td>२३२.८३</td><td>११५.०</td><td>१०७१०.०</td></tr>
<tr><td>२३२-११।८</td><td>भुजेला घाट कालोपत्रे वडा नं. ११</td><td>उपभोक्ता समिति</td><td>१५१६.२०</td><td>९०९.७२</td><td>१५१६.२०</td><td>९९.४८</td><td>६०३३२.६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८४१३७।६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०</td><td>723</td><td>२०७९-३-७</td><td>राइढुङ्गा सहिद पार्क निर्माण<br><br>राइढुङ्गामा सहिद पार्क निर्माण र राइढुँगा सहिद पार्क निर्माण स्थल जाने बाटो निर्माण उपभोक्ता समितिलाई रु.२५ लाख को लागत अनुमान स्वीकृत गरी सोही अनुसार उपभोक्ता समितिको लागत साझेदारी बाहेक रु.१९३७७२९।० भुक्तानी भएको छ । जस अनुसार सडक निर्माणमा रु.१८२८८५५।० र पार्क निर्माण कार्यमा रु.६०९११४.४ को कार्य गरेको उल्लेख छ । डिपीआर निर्माण सम्पन्न भएको योजनामा डिपिआर अनुसारको कार्य प्रक्रिया अवलम्बन नगरी उपभोक्ता समितिबाट कार्य गराएको छ । डीपीआर निर्माण गरिसकेको योजनामा डीपीआर अनुसारको कार्य गर्ने गरी योजनावद्ध रुपमा निर्माण कार्य थालनी गर्नुपर्नेमा सोझै कुनै योजना वेगर नै उपभोक्ता समितिबाट कार्य गराएको देखिन्छ । उक्त पार्क निर्माण योजनामा आगामी आर्थिक वर्षमा बजेट विनियोजन नै भएको छैन । अत डीपीआर निर्माण गरि सकेपश्चात सोही अनुसार योजना निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | 125, 232 | | **भुजेला घाट सडक कालोपत्रे**<br><br>१२५-९।६, २३२-११।८, भिमदत्त नगरपालिकाको उपभोक्ता समिति गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ को भाग २(१) अनुसार उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यक्रम वा योजनाका लागि सम्बन्धित उपभोक्ता समितिले लागत अनुमानको कम्तिमा २० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गरी सोको भौचर सहित उपभोक्ता समितिलाई योजना सम्झौताको लागि वडाले सिफारिस गर्नुपर्ने र नगद सहभागिताको व्यवस्था नभएको कुनै पनि आयोजना तथा कार्यक्रम उपभोक्ता मार्फत सञ्चालन गर्न नपाइने उल्लेख छ । पालिकाले भूजेलाघाट सडक कालोपत्रे योजना (वडा नं. ११)को लागत अनुमान रु.३१०००००।० स्वीकृत गरेकोमा प्रथम र दोस्रो रनिङ्ग बिलमार्फत गरी रु.२८७६४३४।० भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । तर कार्यविधिमा भएको व्यवस्था अनुसारको नगद सहभागिताभएको नदेखिएकोले कार्यविधिले तोके अनुसारको २० प्रतिशत जनसहभागिता बापतको अंश उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ५७५,२८७ |
| ९२ | 633 | २०७९-२-१६ | **जग्गा नामसारीको लागि अनुदान**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले मनमति खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई जग्गा खरिद नामसारी तथा विकास निर्माण कार्यको लागि रु.२०००००।० अनुदान दिएको छ ।कुनै आधार र मापदण्ड वेगर पूँजीगत शिर्षकबाट जग्गा नामसारीको लागि उपभोक्ता समितिलाई भुक्तानी दिएको अनुदान रकम असुल गर्नुपर्ने रु. | २००,००० |
| ९३ | ७६२ | २०७९-३-१६ | **अधुरो लागत अनुमान र सम्पन्न**<br><br>कुनै निर्माण कार्य सञ्चालन गर्दा त्यस योजनाको लागत अनुमान गर्ने र लागत अनुमान अनुसारको कार्य गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले नवदुर्गा आधारभुत विद्यालय वडा नं. ३ लाई संरचना निर्माणको लागि रु.५०३८८७।१५ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्य गराएको र रु.४४२६९६।० को कार्य गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन दिएको र सोही अनुसार रु.४३१८९९।० भुक्तानी गरेको छ । लागत अनुमान तयार गर्दा नै विद्यालय भवनको लागि अत्यावश्यक झ्याल, ढोका, डेस्क, वेन्च, भवन पेन्टिङ लगाएतका कार्य बेगरको लागत अनुमान तयार गरेको छ र सोहि अनुसार कार्यसम्पन्न प्रतिवेदन दिएको छ । भवन हालसम्म अधुरो रहेको छ र पुन सोही योजनमा बजेट विनियोजन गर्नुपर्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काममा दोहोरोपना हुने जोखिम रहन्छ । अत बजेट विनियोजन गर्दा नै योजना पूर्ण हुने गरि विनियोजन गर्ने तथा पूर्ण निर्माणको लागत अनुमान तयार गरी कार्यसम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ९४ | | | **रोयल्टि विल**<br><br>उपभोक्ता समितिबाट सडक निर्माण कार्य गराउँदा सडक ग्राभेल, कालोपत्रे लगायतको कार्यको लागि आवश्यक पर्ने ग्राभेलको रोयल्टि विल संलग्न राखेर मात्र भुक्तानी दिनुपर्दछ । तर उपभोक्ता समितिले सम्बन्धित नदिबाट उत्खनन गर्ने ठेक्का पाएको व्यवसायी वा क्रसर उद्योगको रोयल्टि विल संलग्न नगरी अमुख व्यक्तिबाट सामाग्री बुझेको भर्पाइको आधारमा ग्राभेल, ढुँगा, गिटि लगाएका सामाग्री प्राप्त भएको देखाएको छ । उस सम्बन्धमा सम्बन्धित व्यक्तिले नदिबाट खरिद गरि भण्डारण गर्ने र उपभोक्ता समितिले सोही व्यक्तिबाट खरिद गरी लिने तर व्यक्तिले विजक जारी नगर्ने कारण भर्पाइलाई आधार मानि भुक्तानी दिएको प्रतिक्रिया दिएको छ । यसरी व्यक्ति भन्दा सम्बन्धित व्यवसायि वा क्रसर उद्योगको विजकको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । | |
| ९५ | ८२१ | २०७ ९-३-२१ | **अधुरो कल्भर्ट निर्माण**<br><br>पालिकाले अधुरो कल्भर्ट निर्माण कार्यको लागि उपभोक्ता समिति सँग रु.१२५००००।० मा कार्य गर्ने गरी सम्झौता गरेकोमा Steel reinforcement for work as per instruction of site engineer को कार्य ९८२.४१ के.जी.को कार्य गरेकोमा संलग्न दर विश्लेशण अनुसार प्रतिकेजी रु.११७.५३ हुनेमा रु.१३०।०७ दरले भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.१२३१९।४२ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | १२,३१९.४२ |
| ९६ | | | **शान्ति आ.वि. अधुरो भवन**<br><br>कुनै निर्माण कार्य सञ्चालन गर्दा त्यस योजनाको लागत अनुमान गर्ने र लागत अनुमान अनुसारको कार्य गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले शान्ति आधारभुत विद्यालय अधुरो भवन निर्माण योजनामा रु.२८८३१८।० खर्च गरेको छ । गत विगतमा DPC र पिल्लरको मात्र निर्माण भएकोमा यस बर्ष रु.३ लाख बजेट विनियोजन गरी Wall लगाउने र लेन्टर हाल्ने सम्मको कार्य गरेको छ भवनको अन्य सबै कार्य बाँकी रहेको देखिन्छ । टुक्रा रुपमा बजेट विनियोजन गर्ने तथा एउटा भवन निर्माणमा वर्षौं लागाउँदा भवनको उपयोग र गुणस्तरमा जोखिम रहन सक्छ । अत वजेट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विनियोजन गर्दा टुक्रा पारी विनयोजन नगरी योजना सम्पन्न हुने गरी विनियोजन गर्ने तथा पूर्ण निर्माणको लागत अनुमान तयार गरी कार्यसम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ९७ | | | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ९७.१ | | | **हेभी इक्वीपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, विटुमिन सम्बन्धि कार्य जस्ता हेमि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिवन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने समबन्धित प्राविधिकको सिफारिसशमा सार्वजनिक निकायबाट सहमित लिइ त्यस्तो मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगाएतका हेमी मेशिन प्रयोग गर्ने गरेको पाइयता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ/नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ९७.२ | | | **लागत सहभागिता‘** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समिति सँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ९७.३ | | | **हस्तान्तरण नगरेको -**सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ९७.४ | | | **कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) माकुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ९८ | | | **ह्युमपाइप खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा मुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले सोझै विधिबाट देहायबमोजिम ह्युमपाइप खरिद गरी रु. २७८४५३६।० भुक्तानी गरेको गरेको छ । खरिद गरेको ह्युमपाइप बुझेको भर्पाइ संलग्न राखि वितरण गरेको छ । यसरी वितरण भएको ह्युमपाइप सम्बन्धित क्षेत्रमा जडान/भरान भएको खुल्ने कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | २,७८४,५३६ |

| भौ.नं. | आपूर्तक | ह्युमपाइपको साइज | रकम | कैफित |
|---|---|---|---|---|
| ३४६-१२।२ | विशाल कंक्रिट उद्योग | NP3 300 mm २५ थान<br>NP3 450 mm १३ थान<br>NP2 300 mm १ थान | ४९९४८३.० | |
| ३५३-१२।२ | विशाल निर्माण सेवा | NP3 600 mm २ थान<br>NP3 450 mm ४ थान<br>NP3 300 mm ३३ थान | ४९४९२६.० | |
| ४७८-१२।२४ | ह्युम पाइप खरिद उ.स. | NP3 300 mm १० थान<br>NP3 450 mm ६ थान<br>NP3 600 mm ३ थान<br>NP3 900 mm २ थान | २९११८०.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७२७-३।१८</td><td>हिमांशु कंक्रिट उद्योग</td><td>NP3 300 mm २५ थान<br>NP3 450 mm ४ थान<br>NP3 600 mm १२ थान<br>NP3 900 mm १ थान</td><td>६२३०००.०</td><td></td></tr>
<tr><td>८१२-३।२१</td><td>मालिकार्जुन ह्युमपाईप एण्ड कंक्रिट उद्योग</td><td>NP3 300 mm २९ थान<br>NP3 450 mm ४ थान<br>NP3 600 mm ४ थान</td><td>४८८२४४.०</td><td></td></tr>
<tr><td>८१३-३।२१</td><td>मालिकार्जुन ह्युमपाईप एण्ड कंक्रिट उद्योग</td><td>NP3 300 mm २५ थान<br>NP3 450 mm ६ थान</td><td>३८७७०३.०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२७८४५३६.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण</td><td></td></tr>
<tr><td>९९.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एन.सी.सी बैंक, कुमारी बैंक, प्रभु बैंक, एन.एम.बी बैंक, ज्योति विकास बैंक, मेघा बैंक, लुम्बिनि बिकास बैंक, सिभिल बैंक मार्फत प्रथम, द्बितिय, तृतिय र चौंथो किस्ता गरि जम्मा रु. ४४,३९,२८,५६६ निकासा दिएकोमा ४३,४०,३०,९२८ वितरण गरि बाँकि रु. ९८९७६३८ सबै बैंकले फिर्ता गरेको गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९९.२ | | | केवाइसी अपडेट- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ९९.३ | | | निष्कृय खाताको निवरण- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएको अवस्था छ । पालिकाले डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| १०० | | | **सुरक्षित नगरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवासकार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार यस वर्ष १४९ जना लाभग्राहीले प्रथम किस्ता वापत रु. ४४७००००। भुक्तानी लिएकोमा दोस्रो किस्ता लिन बाँकी रहेको देखिन्छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको छैन । अतः सम्बन्धितले तोकीए अनुसारको कार्य गरे नगरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्ने तथा प्रथम किस्ता वापतको रकमको तोकीए बमोजिमको कार्य नगर्ने लाभग्राहिबाट उक्त रकम फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १०१ | | | **सेवा प्रवाहको स्थितिः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा पास - अभिलेखिकरण</td><td>३८४</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्म दर्ता</td><td>४३२५</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>९५८</td></tr>
<tr><td>बसाई सराई दर्ता</td><td>६१७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१२७०</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>२३</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सडक निर्माण एवं मर्मत तर्फको प्रगतिको अवस्थाका सम्बन्धमा विवरण प्राप्त हुन सकेन ।पालिकाबाट प्रवाह हुने सेवाको अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाउदै आगामी दिन सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नु पर्दछ । | |
| १०२ | | | **घर भाडाः**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.१०,५७,२७७.० भुक्तानी गरेकों पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ । | |
| १०३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु अभिलेख राख्नुपर्दछ । | |
| १०४ | | | **खेलकुद कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकले सोही अनुसार खेलकुद क्षेत्रको विकासको लागि खेलकुद कार्यक्रम र पूर्वाधार निर्माणमा जोड दिनु पर्नेमा वडाबाट टुक्रे रुपमा बजेट विनियोजन गरी वडा तहबाट नै खेलकुद सामाग्री खरिद गरी विवरण गरेको आधारमा देहायबमोजिम रु.२७९३२०।० खर्च लेखेको छ । पालिकामा कुनै खेलकुद प्रतियोगित सञ्चालन नभएको तथा खरिद गरिएका सामाग्री वितरण गर्दा पनि उचित आधार र मापदण्ड वेगर नै वितरण गर्ने कार्य मनासिव देखिएन । यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>९६-८।५</td><td>युवा विकासका लागि खेल सामाग्री खरिद</td><td>२०९४२०.०</td><td>खेल सामाग्री, जर्सी, जुत्ता खरिद गरेको विल पेश भएको</td></tr>
<tr><td>४२६-१२।१८</td><td>खेलकुद तथा खेलकुद मैदान</td><td>१९९००.०</td><td>खेल सामाग्री खरिद वितरण</td></tr>
<tr><td>७४९-३।१४</td><td>खेलकुद प्रवर्द्धन</td><td>५००००.०</td><td>सामाग्री, जर्सी खरिद वितरण</td></tr>
<tr><td></td><td></td><td>२७९३२०.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>वहुउद्देश्यिय सहकारी संस्थाको भवन निर्माण<br><br>पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको सुर्योदय बहुउद्देश्यिय सहकारी संस्थाको स्रोत केन्द्र भवन निर्माण कार्य वडा नं. १८ को भवन निर्माण वापत रु.२० लाख भुक्तानी गरेको छ । आफ्नो कार्यक्षेत्रभन्दा बाहिरको नाफामुलक संस्थाको भवन निर्माण कार्यमा बजेट विनियोजन तथा रकम भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>बहुमुखि क्याम्पसलाई अनुदान<br><br>पालिकाले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर रहेको बहुमुखि क्याम्पसमा विद्युत वायरिङ्ग कार्यको लागि रु.२६००००।० भुक्तानी गरेको छ । त्यस्तै सिद्धनाथ विज्ञान क्याम्पसलाई विद्यालय रङ्गरोगन कार्य गरेको उल्लेख गरी इन्द्रधनु निर्माण सेवा प्रा.ली.लाई रु.३८५७५४।० भुक्तानी गरेको छ । कार्यक्षेत्रभन्दा बाहिरको कार्यालयमा अनुदान रकम भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०७</td><td></td><td></td><td>मझगाउँ विमानस्थल<br><br>नगरपालिकाले मझगाउँ विमानस्थल निर्माणको लागि नेपाल नागरिक उडयन प्राधिकरण, भीमदत्त नगरपालिका र दोधारा चाँदनी नगरपालिकाबीचको त्रिपक्षीय सम्झौता अनुसार रु.५१ करोड ५० लाख लागत अनुमानमा प्राधिकरणको ५० प्रतिशत, प्रदेश सरकारको २५ प्रतिशत, भिमदत्त नगरापालिकाको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१५ प्रतिशत, दोधाराचाँदनी नगरपालिकाको १० प्रतिशत योगदान हुने उल्लेख छ । पालिकाले सोही सम्झौता अनुसार गत आर्थिक वर्षमा रु.१ करोड र यस आर्थिक वर्षमा रु.२ करोड ५० लाख समेत रु.३ करोड ५० लाख नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निकासा दिएको छ । हालसम्म योजनामा भएको कार्य प्रगति तथा खर्च अनुसारको सम्बन्धित निकायको योगदान हुनुपर्नेमा ठेक्का प्रक्रिया सुरु भएको भनि पालिकाले रकम निकासा गरेको देखिन्छ । निर्माण कार्यको प्रगति अवस्था एकिन नगरी पालिकाबाट एकोहोरो रकम निकाशा नगरी प्रगति अवस्थाको एकिन गरी भुक्तानी अनुसार पालिकाको अंशमात्र भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०८</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br><br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहायअनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.४४९४९६.० भुक्तानी दिएको पाईयो ।<br><br><table><tr><th>सि.नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr><tr><td>१</td><td>हरिसिंह धामी</td><td>फोहोरमैला व्यवस्थापन र प्राङ्गारीक मल बनाउने तालिम</td><td>४४९४९६.०</td></tr></table></td><td></td></tr>
<tr><td>१०९</td><td></td><td></td><td>योजना अनुगमन<br><br>पालिकाले मातहत सञ्चालित योजना अनुगमनको लागि एक अनुगमन समिति गठन गरेको छ । उक्त समितिले उपभोक्ता समितिबाट सञ्चालित अधिकांश योजना मात्र अनुगमन गर्ने गरेको देखियो । तर सोझै खरिद विधि, सिलबन्दी दरभाउपत्र तथा वोलपत्र विधिबाट सञ्चालित योजनाको अनुगमन गर्ने गरेको पाइएन । अतः पालिकाबाट सञ्चालित सबै प्रक्रियाबाट खरिद गरेका योजना अनुगमन गरी वित्तीय अनुशासन प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११०</td><td></td><td></td><td>इक्वीपमेन्ट भाडा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले आफ्नो स्थानिय दररेट स्वीकृत नगरि कंचनपुर जिल्लाको दररेट अनुसार गर्ने उल्लेख गरेको र कंचनपुर जिल्ला दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्मस अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs, 2075 (संसोधन २०७७।१२।३२)मा प्रयोग हुने सवारी साधनको भाडा दर उल्लेख भएकोमा पालिकाले उक्त भाडा दर प्रयोग नगरी आफै योजना अनुसार भाडादर भुक्तानी गरेको पाइयो । सडक निर्माण गर्दा सडक विभागले स्वीकृत गरेको नर्म्स अनुसारको भाडादर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| १११ | ७८ | २०७८-७-१० | **शालिक निर्माण**<br><br>पालिकाले पुर्ण कदका शालिक निर्माण कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी बाँकी विवरण प्रमाणीत गरी यस वर्ष रु.३८९६२५।० भुक्तानी गरेको छ । पुष्पलाल, वि.पी. र मदन भण्डारीको सालिक निर्माणको उपभोक्ता समितिसँग २०७७।११।१६ मा सम्झौता भएको र २०७८।३।१५ मा सम्पन्न भएकोमा अन्तिम विल वापतको रकम यस आर्थिक वर्षमा भुक्तानी भएको छ । यस आर्थिक वर्षमा भुक्तानी भएको रकममा उपभोक्ता समितिको योगदान बापतको अंश वापतको रकम कट्टी गरेको देखिएन । उपभोक्ता समितिको योगदान बापतको रकम असुल गर्नुपर्दछ । | |
| ११२ | | | **क्षेत्रीय शहरी विकास कार्यक्रम**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्तालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले महेन्द्रनगर बसपार्कमा एक र गड्डाचौकी भन्सार कार्यलय नजिक एक गरी दुईवटा एलईडि डिस्प्ले खरिद र जडान कार्यकालागि राईट क्लिक आईटी सोलुसन, महेन्द्रनगर संग सम्झौता गरेकोमा गड्डाचौकी भन्सार कार्यालय नजिक जडान हुनु पर्ने डिस्प्ले जडान सम्पन्न नभई सो कार्यका लागि रु ३०२२५०। भुक्तानी दिएको पाईयो । उपर्युक्तानुसार जडान सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु | ३०२,२५० |
| ११३ | | | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएको कैफियत सम्वन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरुजु फर्छ्यौट गर्नु गराउनु पर्नेछ । त्यसरी बेरुजु फर्छ्यौट गरेपछि सो को जानकारी तालुक कार्यालय र कोष तथा लेख नियन्त्रक कार्यालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षण अवधिसम्म पनि देहायबमोजिमको आन्तरिक लेखपारीक्षणबाट औंल्याइएको वेरुजु फस्यौंट नगरेकोले नियमानुसार फस्यौंट गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>११३ .१</td><td></td><td></td><td>असुल गर्नुपर्ने
<table>
<tr><td></td><td>संघीय सरकार चालु</td><td></td></tr>
<tr><td>क सं</td><td></td><td>रकम</td></tr>
<tr><td>१</td><td>गो.भा.न २७४।२०७९।३।१८ मा सिद्वनाथ अमरज्योति महिला कृषि समुहलाई गहु उत्पादन मा रु. ४३१० कर कट्टि गरी बाँकी रु. ६९६०३।०० भुक्तानीको लागि सिफारिस भएकोमा रु. ७२८०४।०० भुक्तानी हुन गएकाले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>३२०१</td></tr>
<tr><td>२</td><td>गो.भा.न ३४८।२०७९।३।२४ श्री सिद्दनाथ कृषक महिला समूह भि.न.पा १० लाई रकम भुक्तानी गर्दा कृषि शाखाको सिफारिस अनुसार रु ४६६३७३।०० खर्च लेखि भुक्तानी गर्न पर्नेमा रु. ४७८९७१ खर्च लेखि भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>१२५९८</td></tr>
</table></td><td>१८२,८६९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३ | गो.भा.न २७।२०७८।११।२३ मा जिमुवा स्वास्थ चौकीलाई कोभिड १९ को समयमा गर्भवती सुत्केरी महिलाहरुलाई अस्पत्तालसम्म ल्याउने लैजाने निशुल्क सेवा प्रदान गरे वाफत नगरकार्यपालिका बैठकको मिति २०७८।५।३१ को निर्णय अनुसार रु ९६४०० भुक्तानी भएको तर स्वास्थ चौकीबाट ९२१०० मात्र खर्च भएको भनी रकम माग भएको हुदा बढी खर्च भएको रकम असुल गर्नुपर्ने रु. | ४३०० | |
| | | | ४ | गो.भा.न ९६९।०७८।११।९ मा बिष्णु जानकि टेडर्स एण्ड सप्लायर्स बाट भेष्ट खरिदको बिल भुक्तानी गर्दा निज सँग भएको सम्झौता बमोजिम ३०० थान भेष्ट को रु. १५०००० भुक्तानी गर्नु पर्नेमा रु. १६५००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १५००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>५</td><td>गो.भा.न १७४।२०७९।२।१७ मा भिमदत्त नगर विकास समिति मातहत रहेको सिटिहल निर्माण कार्यका निर्माण व्यबसायी श्री श्यामसुन्दर/गौरी/पार्वती जे.भी बाट नेपाल बिद्युत प्राधिकरणले भुक्तानी लिनु पर्ने सिटिहल कम्पाउण्ड भित्र रहेको चौकिदार क्वाटरको ग्राहाक न. ००३-१६-९०१ को विद्युत महसुल रकम निर्माण ब्यबसायीको निवेदनको आधारमा यस कार्यालयबाट भुक्तानी भएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु.</td><td>१४७७७०</td></tr><tr><td></td><td>जम्मा</td><td>१८२८६९</td></tr></table> | |
| ११३.२ | | | **प्रमाण पेश गर्नुपर्ने**<br><table><tr><td>क सं</td><td>व्यहोरा</td><td>रकम</td></tr><tr><td>१</td><td>गो.भा.न ३०२।२०७८।११।२३ कैलास/राखि/जेभी प्राली वा.न १४ को वडा कार्यालय भवन निर्माण कार्यको ठे न ५१।२०७७।०७८ को प्रथम बिल भुक्तानी गर्दा प्रोभिजनलसम आइटम बाट भुक्तानी भएको होल्डिङ बोर्ड को बिल भर्पाई पेश गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>३००००</td></tr></table> | ४०१,४८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>गो.भा.न ३२६।२०७८।११।३० कैलास/राखि/ जेभी प्रा.ली लाई वा.न १४ को वडा कार्यालयको भवन निर्माण ठे न ५१।२०७७।०७८ को दोस्रो रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनलसम बाट भुकतानी भएको बिमा प्रमियम बाफतको रकम को बिमा गरेको प्रमाण पेस गर्नु पर्नेमा सो पेस नभएको हुदा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>१३१४८४</td></tr>
<tr><td>३</td><td>गो.भा.न ६७१।२०७९।२।२४ महाकाली गौरव बिल्डर्स/ प्रालीलाई वा .न १० को गज्जर भुजेला खण्डको सडक निर्माण कार्यको प्रथम रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनलसम बाट भुक्तानी भएको बिमा प्रिमियम बाफतको रकमको बिमा गरेको प्रमाणपत्र पेस गर्नुपर्नेमा सो पेस नभएको हुदा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>१२००००</td></tr>
<tr><td>४</td><td>गो.भा.न ८७९।२०७९।३।२५ बाशुलिङ अनिल कन्सट्रक्सन प्रालीलाई सडक कालो पत्रे कार्यको प्रथम रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनलसम बाट भुक्तानी भएको बिमा प्रिमियम बाफतको रकमको बिमा गरेको प्रमाण पेस गर्नु पर्नेमा सो पेस नभएको हुदा प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>१२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०१४८४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११४</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><br>
रु.हजारमा<br>
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू(C=A-B)</th></tr>
<tr><td>१७४२१८</td><td>८७८२</td><td>१६५४३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११५</td><td></td><td></td><td>
सम्परीक्षण<br><br>
लेखापरीक्षणको क्रममा देहायबमोजिमको बेरुजु सम्परीक्षण भएको छ । साथै आर्थिक वर्ष २०७७।७८ को सम्परीक्षण NAMS मार्फत गरिने हुँदा त्यसको सम्परीक्षणको जानकारी समेत सोही मार्फत नै गराइने छ ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा</th><th>बेरुजुको संक्षिप्त व्यहोरा</th><th>फस्यौंटको विवरण</th><th>फस्यौंटको आधारमा</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>२०७४।७५</td><td>७३।२०</td><td>भासि राजमार्ग उत्तर नाली निर्माण कर बिजक बिना भुक्तानी भएको मु.अ.कर असुल गर्ने</td><td>मु.अ.कर असुल दाखिला भएको</td><td>असुली</td><td>११९१७.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७५।७६ | ४८.१ | शंकर विकको पेश्की बाँकी | पेश्की असुल गरी फस्यौंट | पेश्की असुली | ६१०००. |
| ३ | २०७५।७६ | ७० | उपभोक्ता समितिलाई विना सम्झौता सापटी दिएको रकम फिर्ता गर्नुपर्ने | फिर्ता गरेको | असुली | २०००००0.0 |
| ४ | २०७६।७७ | **१०१.२** | खरिदार उर्मिला भट्टको पेश्की बाँकी रकम फस्यौंट हुनुपर्ने | **पे.फ. भइ प्रमाण पेश** | पे.फ. | २००००.0 |
| ५ | २०७६।७७ | **१०१.३** | नेपाल राष्ट्रिय बिकास समाजको पेश्की बाँकी पे.फ. गर्नुपर्ने | असुल गरी पे.फ. गरेको | पेश्की असुली | १०००००.0 |
| ६ | २०७६।७७ | **९०**<br>**सि.न.१५** | नेपाल राष्टिय बातावरण तथा सम बिकास समाज को मु अ कर समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | **प्रमाण** | २८७६२.0 |
| ७ | २०७६।७७ | **१००।२**<br>**सि.न.८** | आशिष निर्माण सेवा को मु अ कर समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | **प्रमाण** | १२१७९२.२५ |
| ८ | २०७६।७७ | **१००।२**<br>**सि.न.९** | आशिष सप्लायर्सको धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र संलग्न नरहेकोले मु.अ.रक समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | **प्रमाण** | १५४१९२.0 |
| ९ | २०७६।७७ | **१००।२**<br>**सि.न.७** | आर पी कन्सट्क्सनको धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र संलग्न नरहेकोले मु.अ.रक समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | **प्रमाण** | २१५१६.0 |
| १० | २०७६।७७ | **१००।२**<br>**सि.न.४** | बैजनाथ कंकिट उद्योगको धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र संलग्न नरहेकोले मु.अ.रक समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | **प्रमाण** | १९३३५.0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ १ | २०७६।७७ | **३८.१** | कबाड कर असुल गर्न बाँकी रकम असुल गर्नुपर्ने | काय वेरुजु मध्ये बढी बेरुजु कायम भएको प्रमाण पेश भएको | प्रमाण | ९५६३८७.० |
| १ २ | २०७६।७७ | **१०१ सि.न.५** | सब इ.प्रेम सिह धामीको नाममा वर्षान्तसम्म बाँकी रहेको पेश्की नियमानुसार फस्यौंट हुनुपर्ने | पेश्की फस्यौंट भएको | पे.फ. | २०००००.० |
| १ ३ | २०७६।७७ | **१०१ सि. न.५७** | महाकाली निर्माण सेवाको नाममा वर्षान्तसम्म बाँकी रहेको पेश्की नियमानुसार फस्यौंट हुनुपर्ने | पेश्की फस्यौंट भएको | पे.फ. | १०९०००.० |
| १ ४ | २०७६।७७ | **१००।२ सि.न.५** | आमा निर्माण सेवाको धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र संलग्न नरहेकोले मु.अ.रक समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | प्रमाण | २३२१५.० |
| १ ५ | २०७६।७७ | **१००।२ सि.न.६** | आमा निर्माण सेवाको धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र संलग्न नरहेकोले मु.अ.कर समायोजन पत्र पेश हुनु पर्ने | समायोजन पत्र पेश भएको | प्रमाण | ६२५००.० |
| १ ६ | २०७६।७७ | **१०१ को सि.न.१२ देखि ५२ सम्म** | वाइ आर कन्ट्क्सन प्रा ली को नाममा वर्षान्तसम्म बाँकी रहेको पेश्की नियमानुसार फस्यौंट हुनुपर्ने | पेश्की फस्यौंट भएको | पे.फ. | ६४३००००.० |

| बेरुजु दफा न | रकम |
|---|---|
| १ २ | 200000 |
| १ ५ | 30000 |
| १ ६ | 250000 |
| १ ७ | 175000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | |
|---|---|
| १८ | 175000 |
| १९ | 175000 |
| ३५ | 600000 |
| ३६ | 275000 |
| ३७ | 300000 |
| ३८ | 200000 |
| ३९ | 175000 |
| ४० | 175000 |
| ४१ | 150000 |
| ४२ | 150000 |
| ४३ | 225000 |
| ४४ | 225000 |
| ४५ | 275000 |
| ४७ | 275000 |
| ५१ | 1000000 |
| ५२ | 2000000 |
| | 6430000 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **जम्मा** | | | ८७८१८९०.३ |